का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ जेठ २०७९,
सोमबार
6 June 2022,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक १२१ । पृष्ठ ८
Madhyanha Nat...
www.madhyanhadaily.com

## एमालेको अनावश्यक अड्चन

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

२० जेठ २०७९ मा प्रतिनिधिसभाको बैठकमा यौन हिंसा सम्बन्धी विधेयकमाथि प्रारम्भिक छलफल चलिरहेको थियो । प्रमुख विपक्षी दल नेकपा एमालेका संसदीय दलका उपनेता सुवास नेम्वाङले यौन हिंसासम्बन्धी विधेयक आफुले र आफ्नो पार्टीका सांसदहरुले नपाएको भनी प्रश्न उठाए । लगत्तै एमालेका सांसदहरुले उठेर संसद बैठक अवरुद्ध गरे । त्यसदिन अवरुद्ध भएपछिको अर्को बैठक आज (२३ गते सोमबार) बस्दैछ । यो घटनालाई सत्तापक्षका सांसदहरु एमालेले संसद अवरोधका लागि निहुँ खोजिरहेको रुपमा लिन्छन् ।

'लामो समय संसद चल्न नदिएको एमाले फेरि निहुँ खोज्दै छ कि भन्ने आभास भएको छ' कांग्रेस सचेतक पुष्पा भुसाल भन्छिन्, '१६ गते वेवसाइडमा राखेर सार्वजनिक गरिएको, १७ गते सांसदहरुलाई वितरण गर्न पिजन हलमा राखिएको विधेयक पाएको छैन् भनेर संसद अवरुद्ध गर्नु गैरजिम्मेवारीपन सिवाय अरु केही होइन ।'

> प्रारम्भिक छलपल भएको भए सोही दिन उक्त विधेयक मिनी संसदमा दफावार छलफलका लागि पठाउने बाटो खुल्ने थियो । तर, प्रारम्भिक छलफल नै हुन नदिएर एमालेले योन हिंसा सम्बन्धी संसदमा बिचारधीन विधेयकलाई थप लम्ब्याउनमा भूमिका खेलेको देखिन्छ ।

संघीय संसद सचिवालयका अनुसार विधेयक शाखाले जेठ १७ गते यौन हिंसासम्बन्धी विधेयक सिंहदरवारस्थित संघीय संसद सचिवालयको पिजन होलमा राखेको थियो । '२० गतेसम्म पनि विधेयक नपाएको भनेर एमालेले संसदमा अबरोध गर्यो । तर, वास्तविकता त्यस्तो थिएन । १६ गते नै सार्वजनिक गरेर १७ गते पिजनहलमा राखेका थियौं' सचिवालयका एक अधिकारी थप्छन्, 'सारा जनताको पहुँचमा पुगेको विधेयक हाम्रो पहुँमा भएन भन्नु स्वमं सांसदहरुको पनि लज्जाको विषय हुनुपर्ने थियो ।' ति अधिकारी प्रतिनिधि सभा नियमावलीलाई समेत एमालेले ख्याल नगरेको आरोप लगाउँछन् ।

प्रतिनिधि सभा नियमावलीको नियम १८ को २ मा पिजन हलमा राखेको सामग्री सम्बन्धीत सांसदले स्वत पाएको मानिने व्यवस्था छ । नियम १८ को १ मा कागजपत्रको वितरणमा "सचिवले आवश्यक कागजपत्र एवं सूचना सदस्यलाई उपलब्ध गराउनेछ" भनिएको छ । दोस्रो नम्बरमा "यस नियम बमोजिम सदस्यलाई उपलब्ध गराउनु पर्ने कागजपत्र एवं सूचना सदस्यसँग सम्बन्धित पिजनहोलमा राख्ने व्यवस्था सचिवले मिलाउनेछ, यसरी पिजनहोलमा कागजपत्र एवं सूचना राखिएकोमा सम्बन्धित सदस्यले प्राप्त गरेको मानिनेछ" भनिएको छ । तर, एमाले सांसदहरु संसद अवरोधका लागि निहुँ खोजेको रुपमा नबुझ्न आग्रह गर्दछन् ।

'पत्रकारले यथार्थता बुझ्नपर्‍यो । सबै सांसदले विधेयक नपाएको कुरा साँचो थियो भन्ने संसदमै पुष्टि भएको छ । केही सांसदले विधेयक पाउँदैमा छलफल अगाडि बढ्ने कुरा हुँदैनथ्यो भएन' एमाले सचेतक शान्ता चौधरी भन्छिन् । आफुहरुले सबै सांसदले विधेयक पाएको छ वा छैन ? भन्ने ख्याल गरेरै आवाज उठाएको चौधरीको जिकिर छ ।

राजनीतिक विश्लेषक विष्णु दाहाल वर्तमान संसदलाई असफल बनाउन एमालेले प्रयत्न गर्नुलाई स्वभाविक ठान्छन् । 'दुई तिहाई हुँदा कानुन निर्माणमा प्रगति गर्न सकेनन् । संसद नै विघटन गरे । अहिलेको संसद नै फालेर नयाँ ल्याउँछु भनेर लागी परे । तर, एमालेले चाहे जसरी मुलुक अगाडि बढेन' उनी थप्छन्, 'आफुले विघटन गरेको संसदले काम नगरोस्, गर्न नसकोस् भनेर एमालेले निहुँ खोज्नु के नौलो कुरा भयो र ? ९ महिना रोकेकै थियो । फेरि सक्दो प्रयास गर्छ ।'

राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएर सरकारले नै आफ्नो पार्टी फुटाएको, पार्टी फुटमा सभामुख समेत साक्षी बसेको भनी एमालेले माधव नेपाल सहित १४ जना सांसदलाई कारबाहीको माग राखेर ९ महिनासम्म संसद अवरोध गरेको थियो । – बाँकी पृष्ठ २ मा



## सरकार सधैं अस्थिर

'सपथ नै फागुनमा खाएको हो भने मंसिरमा आम चुनाव हुनेमा कम विश्वास गर्न सकिन्छ । यो बेला गैरसांसदलाई मन्त्री सिफारिस गर्नु सरकारलाई अस्थिर बनाइराख्नु हो ।'

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

राजनीतिक दलहरुले लामो समयदेखि खेप्दै आएको एउटै आरोप हो- सरकार अस्थिर बनाउन भूमिका खेले परिणाममा मुलुक नै अस्थिर भइरह्यो । जनतमा रहेको यही मनोविज्ञानलाई क्यास गरेर ०७४ को चुनावमा वामपन्थी दलहरुले राजनीतिक स्थिरताको नारा दिए । झण्डै दुई तिहाई बहुमत ल्याएर सरकार बनाए फेरि पनि पाँचै बर्ष सरकार चलेन् ।

४१ महिना सरकारको नेतृत्व गरेर तत्कालिन नेकपाका तर्फबट प्रधानमन्त्री बनेका केपी शर्मा ओलीले पटक-पटक मन्त्री हेरफेर गरिरहे सरकारको स्थिरता भनेको प्रधानमन्त्री मात्रै हो भन्ने भान गराउन खोजे । ओलीको अेनक प्रवृतिमध्ये यो पनि एक प्रवृति गलत रहेको भन्दै आवाज उठाएर ओलीविरुद्ध आन्दोलन गर्दै सरकार नै फेरेर आफैं सरकार बनाएका वर्तमान गठबन्धनले पनि मन्त्रिहरुलाई बाँकी कार्यकाल स्थिर बनाउन सकेनन् । फेरि पनि पटक-पटक मन्त्रिपरिषदमा नयाँ नयाँ सदस्य आउनेछन् भन्ने प्रष्ट देखिन्छ । जबकी संघीय संसदको कार्यकाल सकिन ६ महिना केही दिन मात्रै बाँकी छ ।

यत्ति छोटो समय बाँकी रहँदा फेरि पनि गैर सांसदलाई मन्त्री बनाउने (सिफारिस) प्रवृति रोकिएको छनै । संविधानत गैरसांसदलाई ६ महिनासम्म मन्त्री बनाउन सकिन्छ तर, ६ महिनाभित्र सांसद भइसक्नुपर्छ । यस व्यवस्थाको प्रवाह नगरी आइतबार एकीकृत समाजवादीले मन्त्री फिर्ता बोलाउने निर्णय गर्दै गदौ गरै सांसदलाई समेत नयाँ मन्त्रीमा सिफारिस गरेको छ ।

पार्टीको सचिवालय बैठकले आइतबार सरकारमा रहेका मन्त्रीलाई फिर्ता बोलाएर नयाँ पठाउने निर्णय गरेको हो । सांसद जीवनराम श्रेष्ठलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, सांसद मेटमणि चौधरीलाई सहरी विकास, गैरसांसद शेरबहादुर कुँवरलाई श्रम तथा रोजगारमन्त्रीमा पठाउने निर्णय भएको छ । स्वास्थ्य तथा – बाँकी पृष्ठ २ मा

### बस दुर्घटना

## ९ जनाको मृत्यु



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

रुपन्देहीको परासी सडक खण्डमा पर्ने रोहिणी खोलामा यात्रुबाहक बस खस्दा नौ जनाको मृत्यु भएको छ । १६ जना गम्भीर घाइते भएका छन् । ट्राफिक प्रहरी कार्यालय लुम्बिनीका अनुसार जनकपुरबाट भैरहवातर्फ हिडेको लु २ ख ३८४१ नंको बस आइतबार बिहान करिब पौने ५ बजे रोहिणी पुलबाट खोलामा खसेको हो । चौतीस जना यात्रु सवार बस खोलामा खस्दा घाइते भएकाहरूको भैरहवास्थित मेडिकल कलेज र भीम अस्पतालमा उपचार भैरहेको छ ।

दुर्घटनामा मृत्यु हुनेहरुमा रुपन्देहीको ओमसतिया गाउँपालिका-४ का ६५ वर्षीय – बाँकी पृष्ठ २ मा

## अघि बढाइँदै नागरिकता विधेयक

**काठमाडौं/रासस–** गृहमन्त्री बालकृष्ण खाणको पहलमा सङ्घीय संसद्मा विचाराधिन नेपाल नागरिकता ऐन २०६३ संशोधनका विषयमा सरोकार पक्षबीच छलफल भएको छ । गृह मन्त्रालयमा भएको छलफलमा महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मी, कानुन न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा (कोइराला), सांसद पुष्पा भुसाल, महान्यायाधिवक्ता खम्मबहादुर खाती, गृहसचिव टेकनारायण पाण्डेलगायतको सहभागिता थियो ।

गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले दलहरूबीच सहमति जुटाएर प्रतिनिधिसभाको जारी अधिवेशनमा नागरिकता विधेयक प्रस्तुत गर्ने विषयमा छलफल भएको जानकारी दिए । उक्त विधेयकमा नागरिकतालगायत विषयमा सहमति जुट्न सकिरहेको छैन । सरकारले प्रतिनिधिसभाको यही अधिवेशनमा नागरिकता विधेयक पेस गर्ने तयारी गरेको छ ।

यसअघि कानुनमन्त्री शर्मा र गृहमन्त्री खाणले नागरिकता – बाँकी पृष्ठ २ मा

## श्रममन्त्री श्रेष्ठ : पदीय जिम्मेवारीको म्याराथनमा ब्रेक



वैदेशिक रोजगार विशेष

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ

सुधारका विभिन्न योजना बनाएका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान) ती योजना पूरा नहुँदै जिम्मेवारीबाट मुक्त हुने अवस्थामा पुगेका छन् ।

गत असोज २३ गते नेकपा एकीकृत समाजवादी पार्टीको तर्फबाट श्रममन्त्रीको शपथ लिएपछि मध्यान्ह राष्ट्रिय दैनिकसँगको कुराकानीमा तत्कालीन नवनियुक्त मन्त्री श्रेष्ठले कोरोनाका कारण संसारका विभिन्न भागसहित नेपालमा पिल्सिएका कामदारलाई राहत दिने, आन्तरिक श्रम सम्बन्धलाई मैत्रीपूर्ण बनाउने र विदेशमा जस्तै नेपालमा पनि कार्यस्थलमा श्रमिकलाई भौतिक तथा अन्य सुरक्षाको प्रत्याभुति गर्ने व्यवस्था मिलाउने बताएका थिए ।

वैदेशिक रोजगार व्यवसायीको पनि पृष्ठभूमि भएका श्रेष्ठले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी पाउँदा वैदेशिक रोजगार व्यवसायीहरू पनि लामो समयदेखि थाँती रहेका समस्याहरुको सकारात्मक समाधान हुने भन्दै आशावादी देखिएका थिए ।

विगतमा वैदेशिक रोजगार क्षेत्र बुझेका व्यवसायी टेकबहादुर गुरूङ मन्त्रालयमा राज्यमन्त्री हुँदा आएको फ्रि भिसा फ्रि टिकटको निर्णयले आफुहरु समस्यामा परेको व्यवसायीहरुले गुनासो पोख्दै आएको अवस्थामा मन्त्रालयको जिम्मेवारीमा श्रेष्ठको नियुक्ति व्यवसायीहरूका लागि अध्याँरो सुरूङको क्षितिजमा देखिएको उज्यालो किरण थियो । तर लामो समयदेखि जमेर बसेका समस्याको समाधान नहुँदै श्रेष्ठको बहिर्गमनले समस्याको समाधान थप पर धकेलिने चिन्ता बढाएको छ ।

आइतबार एकीकृत समाजवादीले आफ्ना पार्टीबाट सरकारमा सहभागी मन्त्रीहरु हेरफेर गर्ने निर्णय गरेसँगै मन्त्री श्रेष्ठ पनि बिदाइ हुने अवस्थामा पुगेका हुन् । एकीकृत समाजवादीले शेरबहादुर कुँवरलाई श्रम मन्त्रीमा नियुक्त गर्न सरकारसमक्ष सिफारिस गरेको छ । एकीकृत समाजवादीले सिफारिस गरेसँगै सोमबार कुँवरलाई श्रम मन्त्रीमा नियुक्त गर्ने सरकारको तयारी छ भने सोमबार नै शपथ कार्यक्रम – बाँकी पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

नेपाली कामदारहरुको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुक मलेसिया कोभिड-१९ को असरले लामो समयदेखि बन्द रहेको सर्वविधितै छ । मलेसिया सरकारले विदेशी कामदारलाई प्रवेशाज्ञा दिने निर्णयसँगै वैदेशिक रोजगारीमा जाने नेपाली कामदार स्वास्थ्य परीक्षण गरी भिसा प्रक्रियामा रहेका छन् । कामदार हरुको स्वास्थ्य परीक्षण गरेको रिपोर्ट मलेसियाको आधिकारिक online portal FWCMS मा online गराउने कार्य स्वास्थ्य परीक्षण गराउने स्वास्थ्य संस्थाहरुले गर्ने गर्दछन् । उक्त प्रक्रियाको लागि स्वास्थ्य व्यवसायीले कामदारसँग स्वास्थ्य परीक्षण गर्न रु. ५,५००/- (पाँच हजार पाँच सय रुपैयाँ) लिने र उक्त रिपोर्ट मलेसियाको FWCMS मा online गर्दिए वापत रु ३,१६४/- (तीन हजार एक सय चौसट्ठी रुपैयाँ) गरि जम्मा रकम रु. ८,६६४/–(आठ हजार छ सय चौसट्ठी रुपैयाँ) दस्तुर लिने गर्छन् । तर उक्त रिपोर्ट FWCMS मा online नगरिदिएको कारण हजारौं कामदारहरुले भिसा प्राप्त गर्न सकेका छैनन् । कामदार हरुको स्वास्थ्य परीक्षण गरेर online नगर्दिने र उल्टै मिति २०७९/०२/२३ भन्दा अगाडिको मेडिकल रिपोर्टलाई मान्यता नदिने भन्ने नेपाल स्वास्थ्य व्यवसायी महासंघ र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०७९/०२/२२ गतेको संयुक्त विज्ञप्तिप्रति प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल गम्भीर आपत्ति व्यक्त गर्दछ । कामदारहरसँग रकम लिने, मेडिकल पास भैसकेको रिपोर्ट पनि online नगर्दिने र विज्ञप्ति जारी गरेर २०७९/०२/२३ अगाडिको स्वास्थ्य परीक्षण गरेको रिपोर्टलाई मान्यता नदिने भन्नु गैर जिम्मेवार र कानूनी राज्यप्रतिको उपहास हो ।
कामदारसँग रकम लिएर स्वास्थ्य परीक्षणको रिपोर्ट online नगर्दिएकै कारण कामदारहरु भिसा प्राप्त नभई पीडित हुनुपर्ने अवस्थालाई छानविन गर्न नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय लगायत सम्बन्धित निकायलाई अनुरोध गराउँदछौं ।

राजेन्द्र भण्डारी
अध्यक्ष
प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
पिंगलास्थान, गौशाला, काठमाडौं, फोनः ०१-४४६४३०१, ४४६४७२६



## नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल स्वास्थ्य व्यवसायी महासंघले संयुक्तरुपमा जारी गरेको प्रेस विज्ञप्तिप्रति नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण ।

मिति २०७९ जेठ २२ गते नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल स्वास्थ्य व्यवसायी महासंघले संयुक्तरुपमा जारी गरेको प्रेस विज्ञप्तिमा कामदार तथा व्यवसायीहरुलाई अहित हुने उक्त बुँदाहरुमा आपसी सहमति गरी विज्ञप्तिमा उल्लेख गरिएको पाइएको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

१. पुरानो मितिमा स्वास्थ्य परीक्षण गरेको २०७९ जेठ २३ गतेबाट उक्त रिपोर्ट मान्य नहुने उल्लेख गरिएको छ, जसले गर्दा उक्त कामदारले पुनः स्वस्थ्य परीक्षण गर्नुपर्ने र त्यसमा सो कामदारलाई आर्थिक भार पर्न जाने देखिन्छ ।
२. यसरी करिब ७० हजार मेडिकल गरिसकेका कामदार जसको अनलाइन नगरी मेडिकल Validity भएको र मेडिकल Expire गराइएको कामदारहरु पुनः मेडिकल गर्न ६ महिनासम्म कुर्नुपर्ने अवस्था सिर्जना गरी मलेसिया जानबाट नियतबश बञ्चित गराइएको देखिन्छ । तसर्थ पहिले गरेको सम्पूर्ण मेडिकललाई उक्त मेडिकलको अवधि रहेसम्म मान्यता दिनुपर्ने माग गर्दछौं । र, अनलाइन नगरी Expire गराइएको मेडिकल पुनः निशुल्क गर्न नेपाल स्वस्थ्य व्यवसायी महासंघसँग जोडदार माग गर्दछौं ।
३. नेपाल सरकारले तोकेको स्वास्थ्य परीक्षणको शुल्क रु ५,५०० र मलेसिया सरकारले तोकेको र बायोमेट्रिक सिस्टम चार्ज भनेर रु ३,१६४ कहाँ कहिलेबाट लागू भएको छ, आधिकारिक कुनै पत्र र जानकारी बिना कामदार र व्यवसायीहरुलाई एक पछि अर्को आर्थिक भार थप गरिएको छ ।
४. सोही विज्ञप्तिमा हवाई टिकट ३ दिन अगावै वैदेशिक रोजगार विभागलाई जानकारी गराउनुपर्ने कुरा व्यवहारिक र सहज नभएको र अन्तिम स्वकृति लिँदा व्यवसायीले सम्पूर्ण विवरण पेश गर्ने गरेको सर्वविदितै छ । तसर्थ उक्त बुँदाको कुनै औचित्य नरहेको जानकारी गराउँदछौं ।

साथै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्देशन गरे अनुसारको संयुक्त विज्ञप्ति नभई नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल स्वास्थ्य व्यवसायी महासंघले आफ्नो मनोमानी ढंगले सम्पूर्ण वैदेशिक रोजगार व्यवसायी र वैदेशिक रोजगारमा जाने कामदारहरुलाई थप आर्थिक भार पार्दै नयाँ सिन्डिकेट लाद्न खोजेको ठहर गर्दछौं । नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्षले कार्य क्षेत्र बाहिर गई वैदेशिक रोजगार व्यवसायीहरुलाई ठाडो निर्देशन गर्ने कार्य गर्न खोजेको प्रति घोर आपत्ति जनाई असहमति जनाउँछौं । उक्त विज्ञप्तिमा उल्लेख गरिएका बुदाँहरु कामदार तथा व्यवसायीको अहितमा भएकाले यसलाई २४ घण्टाभित्र फिर्ता गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्देशन गरे अनुसारको विज्ञप्ति जारी गर्न जोडदार माग गर्दछौं ।

कुमुद खनाल
अध्यक्ष
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४४६६४२८ । ईमेलः ndfeefforum@gmail.com

### सफा हिमाल अभियान

# चारवटा हिमाल क्षेत्रबाट झण्डै ३४ टन फोहोर संकलन

**काठमाडौं/मस-** नेपाल सरकारको योजनाअनुसार नेपाली सेनाले सञ्चालन गरेको 'सफा हिमाल अभियान'अन्तर्गत विभिन्न हिमाल क्षेत्रबाट यस वर्ष झन्डै ३४ टन फोहर संकलन भएको छ ।

तीनवर्षे अभियानमा यो पटक (सन् २०२२ मा) सबैभन्दा बढी फोहर संकलन गरिएको हो । यसअघि सन् २०१९ मा १० टन र सन् २०२१ मा २७.६ टन फोहर निकालिएको थियो ।

प्रकृति तथा पर्यावरणको संरक्षण र जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्ने उद्देश्यले गत चैत २२ गते यस वर्षको सफा हिमाल अभियान सञ्चालन गरिएको थियो ।

विश्व वातावरण दिवसका अवसरमा आज अभियान टोलीले प्रधानसेनापति प्रभुराम शर्मासमक्ष झन्डा फिर्ता गरी अभियानको समापन भएको घोषणा गरिएको थियो ।




हिमाली क्षेत्रमा देखिएको फोहरले नेपालको पहिचान धमिल्याउने जोखिम बढ्दो छ ।

बहुपक्षीय महत्व बोकेको नेपालको हिमशृङ्खलालाई भविष्यसम्म जोगाउन सन् २०१९ देखि नेपाली सेनाले उक्त साहसिक अभियान थालेको हो । त्यस अभियानमा नेपाली सेनाले विभिन्न सरकारी तथा गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरेको छ ।

यस वर्ष सगरमाथा, ल्होत्से, कञ्चनजंघा र मनास्लु हिमाल क्षेत्रमा अभियान चलाइएको थियो । ती हिमाली क्षेत्रबाट कुहिने फोहर सात हजार २२७ किलो र नकुहिने २६ हजार ६५० किलो गरी कूल ३३ हजार ८७७ किलो (३३.८ टन) फोहर संकलन गरिएको नेपाली सेनाले जनाएको छ । टोलीले कञ्चनजंघा हिमालबाट दुई मानव अस्थिपञ्जरसमेत संकलन गरेको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण निर्देशनालयका निर्देशक तथा सफा हिमाल अभियानका निर्देशक हिमांशु खड्काले नेपाली सेनाका ३० र शेर्पा सहयोगी ४८ गरी ७८ जनाको सहभागितामा अभियान चलाइएको जानकारी दिए ।

संकलित फोहमध्ये कुहिने फोहरलाई तत्तत् स्थानीय तहमा हस्तान्तरण गरिएको छ भने नकुहिने केही फोहरलाई पुन: प्रशोधनका लागि सम्बन्धित संस्थालाई हस्तान्तरण गरिएको र केही हस्तान्तरण गर्न बाँकी रहेको उनले जानकारी दिए ।

अभियानको नेतृत्व गरेका सेनानी किशोर अधिकारीले प्रदूषण नियन्त्रण, जलवायु परिवर्तनका असर न्यूनीकरण, पर्यटन प्रवर्द्धन र भावी पुस्ताका लागि हिमाल संरक्षण गर्न अभियान सञ्चालन गरिएको जानकारी दिए ।

समारोहमा पर्यटन विभागका महानिर्देशक तारानाथ अधिकारीले हिमाल संरक्षणका लागि नेपाली सेनाको छुट्टै गुल्म वा गणको आवश्यकता महसुस भएको बताए । सन् २०१९ मा सर्वोच्च शिखर सगरमाथाको उचाइ मापनको नेतृत्व गर्नुभएका नापी अधिकृत खिमलाल गौतमले नेपालका हिमाल जोगाउन यो अभियान महत्वपूर्ण रहेको बताए ।

उनले वातावरणलाई प्राकृतिक रुपमा सफा राख्न हिमालको ठूलो भूमिका हुने उल्लेख गर्दै प्राकृतिक हिमाललाई अप्राकृतिक नबनाउन आग्रह गरेका थिए ।

मानिसको दिगो जीवनका लागि स्वच्छ हिमालको खाँचो रहेको औंल्याउँदै उनले बढ्दो क्रममा रहेको हिउँ पग्लने अवस्थालाई रोक्नुपर्ने आश्यकता औंल्याए ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा.रामचन्द्र कँडेलले नेपाली सेनाको अभियानको प्रशंसा गर्दै हिमाल संरक्षणका लागि प्रभावकारी नियमनको खाँचो रहेको उल्लेख गरे ।

अभियानका क्रममा कञ्चनजंघा हिमालमा नेपाली सेनाले पहिलोपटक झन्डा फहराउन सफल भएको छ । प्राप्त विवरणअनुसार मे ७ मा संसारकै तेस्रो अग्लो (आठ हजार ५८६ मिटर अग्लो) उक्त हिमालमा सहसेनानी राजु श्रेष्ठ र सिपाही अमित थापाले मा सफल आरोहण गरी नेपाली सेनाको झन्डा फहराउन सफल भए ।

यस्तै १२ मेमा सर्वोच्च शिखर सगरमाथामा नेपाली सेनाका क्याप्टेन गणेश कार्की र अमल्दार देवीप्रसाद न्यौपानेले तथा १२ मेमा विश्वको चौथो अग्लो ल्होत्से हिमालमा क्याप्टेन जितेन्द्र कार्की, सिपाही खिमलाल ओली र कविराम घर्ती मगर पुग्न सफल भएको जनाइएको छ ।

समारोहमा प्रधानसेनापति प्रभुराम शर्माले बढ्दै गएको पर्यावरणीय जटिलतामा वातावरणलाई सन्तुलन राख्नु मानवको परम कर्तव्य भएको बताए । उनले सरकारको वातावरण संरक्षणको प्रयास अनुरुपका कार्यक्रममध्येको एउटा स्वरुप सफा हिमाल अभियान रहेको स्मरण गर्दै सेनाले अभियानको अगुवाइको भूमिका मात्रै निर्वाह गरेको जानकारी दिए ।

उनले सबैको साथ र सहयोगले मात्रै यस्ता कार्यक्रम सफल बनाउन सकिने उल्लेख गरे । प्रतिकूल मौसमबीच अभियान टोलीले सफलताका लागि कार्यक्रम सम्पन्न गरेकामा उनले प्रशंसा गरे । उक्त अभियानको अहिले नै प्रतिफल नदेखिए पनि दीर्घकालीन नतिजा दिने उनले विश्वास व्यक्त गरे । समारोहमा उनले सफलतापूर्वक विभिन्न हिमाल आरोहण गर्ने नेपाली सेना, सहयोगी संस्थाका प्रतिनिधि तथा शेर्पा आरोहीहरुलाई प्रशंसापत्रसमेत वितरण गरेका थिए ।

# लोकतन्त्रको सुदृढीकरण र राष्ट्रियता सम्बर्द्धन आवश्यक : अध्यक्ष थापा

**मोरङ/मस-**राप्रपा नेपालका केन्द्रीय अध्यक्ष कमल थापाले लोकतन्त्रको सुदृढीकरण र राष्ट्रियताको संवर्द्धन गर्नु पार्टीको मुख्य एजेन्डा भएको बताएका छन् ।

विराटनगरमा आइतबार आयोजित पत्रकार सम्मेलनमा उहाँले सनातन हिन्दू राष्ट्र, पूर्ण धार्मिक स्वतन्त्रता र उदार आर्थिक अर्थतन्त्रको नीति राप्रपा नेपालको रहेको बताए ।




उनले मुलुकले असंलग्न परराष्ट्र नीति अवलम्बन गरी अन्तर्राष्ट्रिय सम्बन्ध बढाउनुपर्नेमा जोड दिँदै दुई छिमेकी मुलुकको आर्थिक समृद्धिबाट लाभ लिन उनीहरुको चासो र चिन्तालाई सम्बोधन गर्नुपर्ने बताए ।

अध्यक्ष थापाले मुलुकमा मौलिक प्रजातन्त्रको विकास गर्नुपर्ने चर्चा गर्दै प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, संसद्बाट निर्वाचित राष्ट्रपति र सुदृढ स्थानीय पालिका हुनुपर्ने धारणा राखे । एक प्रश्नको जवाफमा उहाँले राजसंस्थाले जनताको पक्षमा केही कार्य नगरेकाले मुलुकमा अब राजसंस्था पुनःस्थापना नहुने बताए ।

अध्यक्ष थापाले आगामी प्रदेश र संसदीय निर्वाचनमा विभिन्न दलहरुसँग सहकार्य गर्न पार्टी खुल्ला रहेको बताए । राजनीतिमा असम्भव भने नहुने हुनाले राप्रपाले राजसंस्था हेर्ने दृष्टिकोण परिवर्तन गरेमा सहकार्य हुन सक्ने धारणा उनले बताए ।

# जघन्य अपराधको सफल अनुसन्धानमा विशेष ध्यान दिन निर्देशन

**काठमाडौं/मस-** प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले जघन्य अपराधको सफल अनुसन्धानका लागि विशेष सक्रियताका साथ लाग्न मधेस प्रदेशका प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन् ।

प्रहरी प्रधान कार्यालयबाट आइतबार भर्चुअलरूपमा आयोजित एक समारोहबीच उनले तस्करी एवं अवाञ्छित गतिविधि नियन्त्रण, घरेलु हिंसा न्यूनीकरण तथा प्राकृतिक स्रोतको दोहन नियन्त्रणमा समेत ध्यान दिन आग्रह गरेका हुन् ।

उक्त भर्चुअल बैठकमा मधेस प्रदेश प्रहरी कार्यालय एवं प्रदेश मातहत जिल्लाका जिल्ला प्रहरी कार्यालयहरू, ट्राफिक प्रहरी कार्यालय एवं तालिम केन्द्रका प्रमुखको सहभागिता थियो ।

प्रहरी महानिरीक्षक सिंहले आफूले निर्वाह गरेको जिम्मेवारीअनुरूप नै प्रहरी अधिकृतहरूको मूल्यांकन हुने उल्लेख गर्दै आर्थिक पारदर्शिताको नीतिलाई अवलम्बन गरी आफूलाई सुम्पिएको जिम्मेवारीलाई आफ्नो नेतृत्व विकासको अवसरका रूपमा लिएर कार्यसम्पादन गर्न सुझाव पनि दिए ।

उनले दण्ड र पुरस्कार अपरिहार्य तत्व रहेको उल्लेख गर्दै गल्ती गर्नेलाई तत्काल दण्डित गर्ने र राम्रो काम गर्नेहरूलाई संरक्षकको भूमिका निर्वाह गर्ने पनि जानकारी दिए । उनले सीमावर्ती क्षेत्रमा हुने अपराध, तस्करी नियन्त्रण, भन्सार छलीको सामान बरामद राजश्व वृद्धि एवं प्राकृतिक स्रोतको दोहनलगायत आपराधिक गतिविधिमा संलग्नलाई कानूनी दायरामा ल्याउन थप क्रियाशील हुन पनि निर्देशन दिए ।

वर्षाको समयमा हुन सक्ने विपद्का घटना न्यूनीकरण एवं उद्धारका लागि स्थानीय तह एवं सरोकारवाला निकायसँग आपसी सहयोग र समन्वय गरी तयारी गर्नसमेत उनले आग्रह गरे ।

# पेट्रोलपम्पमा ग्यास विस्फोट हुँदा दुई घाइते

**काठमाडौं/मस-** काठमाडौंको टेकुस्थित कनक पेट्रोल पम्पमा ग्यास विस्फोट हुँदा दुईजना घाइते भएका छन् ।

घाइते हुनेमा पर्सा जिल्लाको जगन्नाथपुर गाउँपालिकाका किशोरी शाह र सोही ठाउँ घर भई काठमाडौंको कालीमाटी बस्ने १८ वर्षीय दीपककुमार शाह घाइते भएका काठमाडौं जिल्ला प्रहरी परिसरका प्रहरी उपरीक्षक दिनेशराज मैनालीले जानकारी दिए । उनका अनुसार आइतबार साँझ ५ बजेको समयमा इन्धन राख्ने ट्याङ्कीको ढक्कन वेल्डिङ गर्ने क्रममा अकस्मात भित्रबाट ग्यास विस्फोट हुँदा उक्त घटना भएको हो ।

मैनालीले किशोरीको बायाँ खुट्टा जली 'फ्याक्चर' भएको तथा दाहिने खुट्टा, अनुहार, दुवै हात र छाती जलेको छ भने दीपकको बायाँ गालामा पोलेको जनाइएको छ । दुवैको राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भइरहेको र घटनाको थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# विश्व वातावरण दिवसमा किसानलाई बिरुवा

**गणेश राव/मध्यान्ह**
कोहलपुर, २२ जेठ

विश्व वातावरण दिवसको अवसरमा बैजनाथ-७ पेडारीमा ३ सय किसानलाई बिरुवा वितरण गरिएको छ । वडा अध्यक्ष दिनेश कुमार थारूले आइतबार बिरुवा रोपेर कार्यक्रमको शुरु गरेका थिए ।

कारीतास नेपालको आर्थिक सहयोग र जानाकी ग्रामीण कृषि सहकारी संस्थाको आयोजनामा वडा नम्बर-७ को साझेदारीमा ३ सय जना कृषकलाई बिरुवा वितरण गरिएको अध्यक्ष थारूले मध्यान्हलाई जानकारी दिए ।

छतिवन, गुलमहर, जानुन, कदमका बिरुवा वितरण गरिएको जानकी ग्रामीण कृषि सहकारी संस्थाका म्यानेजर मनोज कुमार थारूले बताए । उनका अनुसार विभिन्न कारणले दिन प्रतिदिन वन विनास हुँदै गएको हुनाले स्थानीय कृषकलाई बिरुवा वितरण गरिएको हो ।

रोपिएका विरुवाहरुको संरक्षण गर्ने जिम्मेवारी पनि नागरिकलाई दिईएको उनको भनाइ छ । वनको संरक्षण गर्न चुनौति थपिएको बताउँदै वातावरण संरक्षण गर्न स्थानीय सरकारले पहल उनले जानकारी दिए । स्वच्छ सफा हरियालिमय वातावरण, सुखी र स्वस्थ जीवनको लागि वृक्षारोपण गरिएको उनले बताए ।

### एमालेको...

स्थानीय चुनावमा आफुले कारबाही गरेका सांसदहरुले नेतृत्व गरेको पार्टीका जनप्रतिनिधिहरुले नै बिभिन्न ठाउँमा जीत हासिल गरेपछि सरक्क अवरोध खोलेको थियो ।

र अहिले एमालेले संसद अवरोध गरेर जुन विधेयकमाथिको प्रारम्भिक छलफल रोक्यो उक्त विधेयक एमाले नेतृत्वको सरकारले ल्याएको अध्यादेशको निरन्तरताको प्रतिस्थापन विधेयक हो । आफुले ल्याएको अध्यादेशलाई कानुन बनाउन खोज्दा पनि एमालेले असहयोगको नीति लियो ।

यदि २० गते प्रारम्भिक छलपल भएको भए सोही दिन उक्त विधेयक मिनी संसदमा दफावार छलफलका लागि पठाउने बाटो खुल्ने थियो र यो विधेयकले कानुको रुप लिने प्रक्रिया केही छोटो हुन सक्थ्यो । तर, प्रारम्भिक छलफल नै हुन नदिएर एमालेले योन हिंसा सम्बन्धी संसदमा बिचारधीन विधेयकलाई थप लम्ब्याउनमा भूमिका खेलेको देखिन्छ । आफैंले ल्याएको अध्यादेशलाई कानुन बनाउन खोज्दा पनि असहयोगको नीति लिनुलाई एमाले प्रवृतिको संज्ञा दिन्छन विश्लेषक दाहाल ।

'आफैंले ल्याएको अध्यादेशलाई कानुन बनाउन खोज्दा सहयोग पो गर्नुपर्ने हो । जस लेला भनेर उल्टो असहयोग गर्दैछ । यो दिर्घ राजनीतिक सोच होइन' दाहाल थप्छन्, 'मैले ल्याएको अध्यादेशलाई कानुन बनाएकोमा धन्यवाद भनेर जनमत बटुल्नेतिर भन्दा जस लिएर भोट लैजाला भनेर असहयोग गर्छ । यो त एमाले प्रवृतिकै रुपमा विकास हुँदै गए जस्तो देखिन्छ ।'

### सरकार...

जनसंख्या राज्यमन्त्री रहेका भवानी खापुङलाई भने मन्त्रीमा बढुवा गरिएको छ । स्वास्थ्य राज्यमन्त्रीमा हिरा केसीलाई पठाउने निर्णय भएको एकीकृत समाजवादीले जनाएको छ ।

एकीकृत समाजवादीले पर्यटनमन्त्रीबाट प्रेमबहादुर आले, स्वास्थ्य मन्त्रीबाट विरोध खतिवडा, सहरी विकासमन्त्रीबाट रामकुमारी झाँक्री र श्रममन्त्रीबाट कृष्णकुमार श्रेष्ठलाई फिर्ता बोलाएको हो ।

सिफारिस अनुसार तुरुन्तै कार्यान्वयन हुँदा आगामी मंसिरमा कुवरको कार्यकाल सकिन्छ । उनको कार्यकालभित्रै संघीय चुनाव हुने संभाववना कम देख्छन् प्रध्यापक लोकराज बराल । 'सपथ नै फागुनमा खाएको हो भने मंसिरमा आम चुनाव होला भन्ने लाग्दैन् । यो बेला गैरसांसदलाई मन्त्री सिफारिस गर्नु सरकारलाई, मन्त्रीलाई अस्थिर बनाइराख्नु हो' बरालले भने ।

### बस...

राजेन्द्र पाण्डे, तिलोत्तमा नगरपालिका-८ कि ३७ वर्षीया तुलसी बस्याल, तिलोत्तमा-२ योगीकुटीका ६५ वर्षीय विष्णु पौडेल, रौतहट चन्द्रनिगाहपुरका २० वर्षीय दिनेश दास रहेका छन् ।

रुपन्देहीकै बुटवल उपमहानगरपालिका-११ कालिकानगरका ४८ वर्षीय कृष्णप्रसाद बस्याल, भारत जनकपुरग्रामका ४० वर्षीय अरबिन्द शर्मा छन् । परिचय नखुलेका ३ पुरुष ३० देखि ४५ वर्षसम्मका देखिने जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता नवरत्न पौडेलले बताए ।

### अघि...

विधेयकमा सहमति जुटाउन नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसँग भेटवार्ता गरिसकेका छन् । गृहमन्त्री खाणले सबै दलका प्रमुख सचेतकहरूसँग समेत पटकपटक छलफल गरिसकेका थिए ।

### श्रममन्त्री...

पनि रहेको बताइएको छ । बिहीबार नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनसँगको भेटमा व्यवसायी आफ्नोतर्फबाट शुरू गरिएका सुधारका काममा साथ दिन तयार नभए पनि आफू संख्या सयको समस्याको समाधान र सेवा शुल्क परिमार्जनका लागि सकारात्मक रहेको बताएका थिए ।

मन्त्री श्रेष्ठ समस्याको समाधानका कार्यकालको अन्तिमसम्म प्रतिवद्ध रहे । वैदेशिक रोजगारीका नाममा हुने ठगी नियन्त्रण गर्न शून्य सहनशीलता नीति अपनाउने बताएका मन्त्री श्रेष्ठ अन्तिमसम्म त्यसमा प्रतिवद्ध देखिए ।

सचिव एकनारायण अर्यालसहित बिहीबार बुद्धनगर स्थित वैदेशिक रोजगार विभागको आकस्मिक अनुगमन गरेका मन्त्री श्रेष्ठले ठगीमा परेका कामदार हरुलाई समयमा न्याय दिने तथा विदेशमा अलपत्र कामदारको तत्काल उद्धार गर्ने संयन्त्र बनाइने बताएका थिए ।

उनले ठगीमा परी उजुरी दिएका कामदारहरुलाई छिटोछरितो सेवा दिन निर्देशन दिएका थिए । मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीमा गएर वास्तवमै अलपत्र परेको भए तत्काल उद्धार गरिने तर विभिन्न वहानामा काम नगर्ने र उद्धारको लागि सरकारसँग हारगुहार गर्ने प्रवृत्ति पनि देखिएको बताएका थिए ।

मन्त्री श्रेष्ठले इजाजतवाला संस्था (म्यानपावर कम्पनी) को दर्ता, नवीकरण, कामदार पठाउन पाउने सीमा, धरौटी रकम, बैंक ग्यारेन्टी, कारबाही, फुकुवा तथा अन्य जानकारीलाई पूर्ण अनलाइन प्रणालीमा लैजाने मन्त्रालयको तयारी रहेको बताएका थिए । म्यानपावरले श्रमिक विदेश पठाउन सक्ने क्षमताका आधारमा धरौटी रकमलाई पुनःमुल्यांकन गर्ने संयन्त्रलाई समेत सुधार गरिने उनको भनाइ थियो । मन्त्री श्रेष्ठ पछिल्लो समय कन्सल्टेन्सीका नाममा ठगी बढेको भन्दै नियन्त्रणका लागि शिक्षा मन्त्रालयलगायत निकायसँग समन्वयन गरी शैक्षिक परामर्श संस्थाको नियमनमा कडाइ गर्ने तयारीमा थिए ।


## ठाटीकाँध गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**लकान्द, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

## शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : (२०७९/०२/२३ गते)**

१. यस कार्यालयको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा तपसिलका भैसीको साना व्यवसायिक कृषि पकेट विकास कार्यक्रम अन्तर्गत भैसीहरु खरिद कार्य दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वक शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।
२. सुचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाण-पत्र, अन्य फर्म वा सप्लायर्स सम्वन्धी कागजात सहितको प्रमाणित प्रतिलिपिहरु, संलग्न साथ तपसिल रकम फिर्ता नहुने गरी उल्लेखित रकम बुझाई यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।
३. प्रथम पटक सूचना प्रकाशित मितिले १६ औं दिनको १२.०० वजे भित्र यस कार्यलयमा दरभाउपत्र पेश गर्नुपर्ने छ । दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ ।
४. दर्ता भएको दरभाउपत्र १६ औं दिनको १४.०० वजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।
५. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन सहित र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।
६. अन्य थप कुरा जानकारीका लागी यस कार्यालयको वेवसाइटको सुचना हेर्न सकिने छ ।

| ठेक्का नं. | कामको विवरण | ल. ई. रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु. | जमानत र कम रु. | कैफियत |
|---|---|---|---|---|---|
| TRM/SQ/GOODS/01/2078/079 | मुर्रा भैसी खरिद तथा ढुवानी कार्य ठाटीकाँध गाउँपालिका वडा न. ०२,र ०४ | 16,85,000.00 | 1000.00 | 42,000.00 | |
| TRM/SQ/GOODS/02/2078/079 | मुर्रा भैसी खरिद तथा ढुवानी कार्य ठाटीकाँध गाउँपालिका वडा न. ०३ | 12,15,000.00 | 1000.00 | 30000.00 | |

**थप जानकारी लागि : मो. न. ९८४८००२००१, वेवसाइट www.thantikandhmun.gov.np.**

**प्रमुख प्रशासकिय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com



### जनप्रतिनिधिलाई डब्लूएचआरको सम्मान

# बुढानिलकण्ठमा ‘फरेन्सिक ल्याब’ स्थापना गर्न आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ

काठमाडौं बुढानिलकण्ठ नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिलाई सम्मान गरिएको छ। मानव अधिकारका लागि महिला, एकल महिला समूह(डब्लूएचआर)ले आइतबार एक कार्यक्रमकाबीच नवनिर्वाचत जनप्रतिनिधिलाई सम्मान गरेको हो ।

कार्यक्रममा संस्थाकी संस्थापक अध्यक्ष लिली थापाले बुढानिलकण्ठ नगरपालिकासँग बलात्कारजन्य हिंसाको पहिचान गर्ने प्राविधिक संयन्त्र ‘फरेन्सिक ल्याब’ स्थापनाका लागि आग्रह गरेकी छन् ।

राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य समेत रहेकी थापाले प्रधान कार्यालय छहारी भवनमा आयोजित कार्यक्रममा नेपाल प्रहरीको एउटा मात्रै फरेन्सिक ल्याब रहेको भन्दै बुढानिलकण्ठ नगरपालिकाले पनि एउटै छुट्टै फरेन्सिक ल्याब संचालन गर्न सके महिलामाथि हुने बलात्कारजन्य घटनाका दोषी पत्ता लगाउन सकिने बताइन्।

यस्तै उनले महिलालाई न्याय दिन सजिलो हुने सुझाव दिइन् । उनले भनिन्, ‘धेरै पनि लगानी गर्न पर्दैन, ५० देखि ६० लाखसम्म लगानी गरेर त्यो संयन्त्र कुनै अस्पताललाई संचालन गर्न दिए हुन्छ। यस्सो गर्दा अरुभन्दा फरक तरिकाले र न्यायको पक्षमा केही गरेको भन्ने सन्देश जान्छ ।’

थापाले नगरपालिकाका हरेक वडामा एक जना सदस्यलाई एकल महिलालगायत आम महिलाका कुरा सुन्ने फोकल पर्सन तोक्न पनि आग्रह गरेकी छन् । कार्यक्रममा बुढानिलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारीले मान्छे मरेर जाँदा साथमा लाने चिज केही नहुने भएकाले समाजका लागि नमूना काम गर्ने प्रतिवद्धता जनाए । नगर प्रमुख अधिकारीले जसरी बुढानिलकण्ठ नगरपालिकाका प्रधान कार्यालय राखेर एकल महिला समूहले एकल महिलाको लागि मात्रै नभई आम नगरवासीको छहारीको रुपमा काम गरिरहेको छ, त्यसैगरी जनप्रतिनिधिहरुले पनि समाजको लागि ऐतिहासिक काम गर्न सक्नुपर्ने बताए ।



नगरपालिकाका उपप्रमुख अनिता लामाले नगरभित्र महिला हिंसा अन्त्य गर्नका लागि आफूले महत्वपूर्ण भूमिका खेल्ने बताइन् । ‘मुद्दाहरु सही ढंगले उठाउन सक्यो र काम गर्ने नियत असल भयो भने कुनै पनि संगठनमा ‘क्याडरहरु जन्माउन सकिने रहेछ’ उपप्रमुख लामाले थपिन्, ‘लिली थापा र एकल महिलाको संगठनबाट राजनीतिक पार्टीहरुले पनि पाठ सिकुन् ।’

वडा नम्बर ९ की वडा अध्यक्ष सुमित्रा त्रिपाठी पाण्डेयले आगामी दिनमा एकल महिलालाई आत्मनिर्भर बनाउन आफूहरुले सक्दो पहल गर्ने बताइन् ।

कार्यक्रममा बोल्दै मानव अधिकारका लागि महिला, एकल महिला समूहकी उपाध्यक्ष बिमला पराजुलीले दुःख पीडामा न्याय खोज्न जाने एकल महिलाहरुलाई निरास बनाएर नपठाउन आग्रह गरिन् ।

एकल महिला समूहका कानून विभागका कार्यक्रम प्रबन्धक राजीन रायमाझीले एकल महिलालगायत आम महिलाका मुद्दाप्रति संवेदनशील बनाउन जनप्रतिनिधिसँग कार्यक्रम आयोजना गरिएको जानकारी दिइन् । जनप्रतिनिधिहरुलाई समूहको केन्द्रीय कार्यालय (छहारी घर) मा रहेको संस्थाको इतिहास झल्काउने संग्रहालय पनि अवलोकन गराइएको थियो ।

### जिसस कपिलवस्तुको निर्वाचन जेठ २७ मा

# एकल बहुमत नहुँदा दलहरु तालमेलको कसरतमा

**माधव बेल्वासे/मध्यान्ह**
चन्द्रौटा, २२ जेठ

जिल्ला समन्वय समिति कपिलवस्तुको निर्वाचन जेठ २७ गते हुने भएको छ ।

आइतबार मुख्य निर्वाचन अधिकृतको कार्यालयले सूचना जारी गर्दै निर्वाचन कार्यातालिका सार्वजनिक गरेको हो । कार्यतालिकामा जेठ २३ गते मातदाता




मानावली प्रकाशन, विरोधमा उजुरी, उजुरी उपर जाँचबुझ र अन्तिम नामावली प्रकाशन गरिने भएको छ । जेठ २४ गते उम्मेदवारको मनोनयन पत्र दर्ता, सूची प्रकाशन, उम्मेदवारको विरोधमा उजुरी, उजुरी उपर निर्णयसहित उम्मेदवारको नामावली प्रकाशन गर्ने कार्यतालिका रहेको छ । यस्तै जेठ २५ गते उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र चुनाव चिन्ह प्रदान गरिने भएको छ । जिल्ला समन्वय समितिको प्राङ्गणमा जेठ २७ गते मतदान हुने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

निर्वाचनको मिति तोकिएपछि जिल्ला समन्वय समिति कपिलवस्तु गठनमा दलहरुले कसरत शुरु गरेका छन् । केन्द्रीय निर्देशन अनुसार सत्तारुढ पाँच दलीय गठबन्धन पनि छलफलमा केन्द्रित रहेको छ ।

कपिलवस्तुमा रहेका १० स्थानीय तहमध्ये कांग्रेस एक्लैले ४ वटा स्थानीय तहको प्रमुख जितेको छ। अन्य चार दलले कांग्रेसलाई साथ दिएमा जिल्ला समन्वय समितिमा जित्ने प्रवल सम्भावना रहेको छ। जिल्लामा कांग्रेस एक्लैको ८ मत छ भने जनता समाजवादी पार्टीले एउटा नगरपालिकामा प्रमुख,उपप्रमुख जितेको छ ।

त्यस्तै माओवादीले एक उपप्रमुख जितेको छ । जिल्ला समन्वय समिति गठनका लागि ११ जना चाहिन्छ । गठबन्धनसँग मातभार ११ नै रहेको छ । उता एमालेले कपिलवस्तुका तीन पालिकाका प्रमुख उप्रमुख जितेको छ भने एक पालिकाको उपप्रमुख मात्र जितेको छ । एमाले एक्लैको मतभार ७ रहेको छ । यता राप्रपाको १ र लोकतान्त्रिक समाजवादी पार्टीको एक रहेको छ। यी तीन दल मिलेर निर्वाचनमा गएपनि एमालेसँग जम्मा ९ मत हुनेछ ।

### पेशागत महासंघ बबईको बैठक

# कर्मचारीको जोखिम भत्ताका लागि पहल गर्ने निर्णय

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, २२ जेठ ।

पेशागत महासंघ बबईको बैठक बबई गाउँपालिकाको हापुरेमा सम्पन्न भएको छ ।

आइतबार पेशागत महासंघ बबईका अध्यक्ष दुर्गाप्रसाद ओलीको अध्यक्षता बैठक सम्पन्न भएको हो । बैठकले बबई गाउँपालिकाका सबै संघ संस्थामा कार्यरत कर्मचारीहरुको तलव भत्ता नेपाल सरकारको नियमानुसार वृद्धि गर्न अनुरोध गर्ने निर्णय गरेको छ । संघीय सरकारले आर्थिक वर्ष २०७९/८० को बजेटमार्फत कर्मचारीको तलब १५ प्रतिशतले वृद्धि गर्ने निर्णय गरेको थियो ।

यस्तै, बैठकले सरकारले लागु गरेको आन्तरिक पर्यटन प्रवर्द्धनका लागि कर्मचारीहरुलाई काज भ्रमणमा सबै कर्मचारीलाई नियमानुसार रकम निकासा गरी कर्मचारीलाई उपलब्ध गराउन स्थानीय सरकारसँग माग गर्ने निर्णय गरेको छ । साथै कर्मचारीको जोखिम तथा पोसाक भत्ता सम्बन्धी पहल गर्ने निर्णय गरेको छ । यस्तै, स्थानीय तहको निर्वाचन २०७९ मा बबई गाउँपालिकामा निर्वाचित सबै जनप्रतिनिधिहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ । स्थानीय तहमा कार्यरत कर्मचारीहरुको स्थायित्व र निरन्तरताको लागि समन्वय गर्नेसमेत निर्णय गरेको छ। साथै भएका निर्णयको कार्यान्वयनका लागि बबई गाउँपालिकाको कार्यपालिकामा निर्णय प्रतिसहित पेस गरिने महासंघका कोषाध्यक्ष अर्जुन परियारले जानकारी दिए ।

# आँखा अस्पताल बहादुरगञ्जद्वारा नवनिर्वाचित जनप्रतिनिधिलाई सम्मान

**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, २२ जेठ

कपिलवस्तुको कृष्णनगर- ९ बहादुरगञ्जस्थित छन्द (कालेबाबु) नारायणी आँखा अस्पतालले कृष्णनगरका नवनिर्वाचित जनप्रतिनिधिलाई बाधाई तथा सम्मान गरेको छ।

नेपाल नेत्र ज्योति संघ दाङका सचिव सुरेन्द्र बहादुर खडकाको अध्यक्षता तथा कृष्णनगर नगरपालिका नगर प्रमुख रजत प्रताप शाहको प्रमुख आतिथ्यता सम्पन्न भएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि रजत प्रताप शाहले आयोजकलाई हार्दिक धन्यवाद दिदै अस्पतालले बहादुरगंजको मात्र नभई सम्पूर्ण जिल्लाको र भारतीय नागरिकलाई समेत सेवा प्रदान गरेको बताए । अस्पतालका लागि नगरपालिकाको तर्फबाट हुने हरेक प्रकारको सहयोग गर्न आफू तत्पर रहेको बताए ।

कार्यक्रममा अस्पतालका प्रशासकीय अधिकृत जसराज विक, समशेर थापा, चिफ मेडिकल डाइरेक्टर डा. शुलक्ष्मी कटुवालले नव निर्वाचित जनप्रतिनिधिलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।



साथै उनीहरुले छन्द आँखा अस्पतालको अवस्था, साधन स्रोतको उपलब्धता, भौतिक संरचनाको अवस्था, सेवाग्राहीको संख्या (वार्षिक रूपमा), अस्पतालको विकास तथा समृद्धिमा नगरपालिकाले विशेष ध्यान दिनुपर्ने बताएका थिए।

कार्यक्रममा वडाध्यक्षहरूको प्रतिनिधित्व गर्दै सतिष कुमार हरिजनले आँखा अस्पतालको विकास तथा समृद्धिका लागि आ-आफ्नो वडाबाट बजेट छुट्याउन आग्रह गर्दै अस्पतालले दिँदै आएको सेवालाई प्रभावकारी बनाउनुपर्ने बताए।

कार्यक्रममा उपस्थित नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य लगायतलाई खादा माला लगाई सम्मान गरिएको थियो ।

कार्यक्रममा युवा नेता तथा समाजसेवी बैभव प्रताप शाह, शुशील कार्की, देवराज शर्मा, कमल चौधरी, उपेन्द्र चन्द, नशरूल्ला खान, डा. आरती काराखेती लगायतको उपस्थित रहेको थियो। कार्यक्रमका अध्यक्ष सुरेन्द्र बहादुर खड्काले नव निर्वाचित जनप्रतिनिधिहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै कार्यक्रम समापनको घोषणा गरे । कार्यक्रमको सञ्चालन अस्पतालका सूचना अधिकारी बालाराम खड्काले गरेका थिए ।

# वृन्दावनमा ३० लाखको लागतमा विद्यालय भवन बन्दै


**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २२ जेठ

रौतहटको वृन्दावन नगरपालिकाका मेयर रामविनोद प्रसाद कुर्मीले एक विद्यालय भवनको शिलान्यास गरेका छन् ।

मेयर कुर्मीले शनिबार आयोजित एक समारोहका बीच वृन्दावन नगरपालिका ६ हर्षाहास्थित बतहु माध्यमिक विद्यालयको भवनको शिलान्यास गरेका हुन् ।

नगरपालिकाको ३० लाख रुपैयाँको लागतमा एक तल्ले चार कोठे भवन निर्माण हुन लागेको छ । भवनको शिलान्यास भएपछि बतहु माध्यमिक विद्यालयको सुविधासम्पन्न पक्की भवन निर्माण हुने भएको छ ।चालु आर्थिक वर्षमै निर्माण कार्य सम्पन्न हुने गरी भवन निर्माण कार्य द्रुत गतिमा अगाडि बढाइएको छ ।

विद्यालयमा भवनको अभावका कारण विद्यार्थीहरुलाई पठनपाठन गराउन निकै कठिनाइ हुँदै आएकोले भवनको अभावमा कुनै पनि विद्यार्थीलाई पठनपाठनमा समस्या नहोस भन्ने उद्देश्यका साथ विद्यालय भवन निर्माण गर्न लागिएको मेयर रमविनोद प्रसाद



पटेलले मध्यान्हलाई बताए ।

भवनको शिलान्यास गर्दै नगर प्रमुख पटेलले शिक्षाको क्षेत्रमा भौतिक पुर्वाधारहरु निर्माणमा नगरपालिका लागि परेको बताए । उनले गुणस्तरीय शिक्षा दिन शिक्षक, अभिभावक र विद्यार्थी सबै लाग्नु पर्ने बताए ।

शिक्षा क्षेत्रलाई अत्याधुनिक र प्रविधिमैत्री बनाएर गुणस्तरीय शिक्षा प्रदान गर्न नयाँ विद्यालय भवन निर्माण प्रक्रिाय अगाडि बढाएको समेत उनले बताए ।


नगरका प्रत्येक सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न कुनै कसर बाँकी नराख्ने उनले बताए । समृद्ध नेपाल निर्माणमा शिक्षाको महत्वपूर्ण भूमिका हुने भएकाले सबै जनता र बालबालिकालाई सबैभन्दा पहिले शिक्षाको पहुँचभित्र ल्याउनुपर्ने अति आवश्यक रहेको उनले धारणा राखे ।

भवन शिलान्यास कार्यक्रममा विद्यालयका प्रधानाध्यापक उपेन्द्र महतो, वडा अध्यक्ष मजहर मंसुर, नेता प्रेमलाल पटेल, धर्मेन्द्र पटेल, हरिनारायण राउत, किशोरी कुमार पटेल, वडासदस्य लगाएतको उपस्थिति रहेको युवा नेता आशिष राज पटेलले बताए ।

**URGENTLY WANTED**

**A Leading Recruitment Agency needs young, highly smart and Intelligent Staffs for the Following post.**

- **Documentation: 2 M/F -25,000 (Salary Negotiable)**
- **Manager : 1 M/F -30,000 (Salary Negotiable)**
- **Accountant : 1 M/F - 25,000 (Salary Negotiable)**



**Qualification:**
- Matured and Responsible,
- Well versed in computer application such as MS Words, Photoshop, Excel etc.
- Able to communicate in English and Experienced in Manpower agency will be given preference.
- Able to work under pressure and handle duties independently.

**This is an URGENT requirement and you may be asked to join immediately. Please send your CVs to email: md.niceagency@gmail.com or can contact on 9841673504, 9803835493**

**Karnali Province Sports Development Council**

**Birendranagar, Surkhet**

**Invitation for Sealed Quotation**

**Date of publication: 2079/02/23**

The Karnali Province Sports Development Council (KPSDC), Brindranagar, Surkhet invites *sealed* quotation from eligible bidders / suppliers' for the procurement of Supply and Delivery of Sports Goods as per given below.

1. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of KPSDC, Mo. No.+977-9851161808, 9858322348
2. A complete *set* of Bidding Documents may be purchased from the office of KPSDC, by eligible Bidders / suppliers' on the submission of a written application, along with the Notarized copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as given below till 15th day before 12:00 Noon of notice publication during office hours.
   **Information to deposit the cost of bidding document in Bank:**
   Information to deposit the cost of bidding document and bid security in bank are as follow respectively:
   Name of the Bank**: Rastriya Banijya Bank, Revenue** Account Number**: 1000200010000**
   Name of Office**: Karnali Province Sports Development Council** Rajaswo Shirshak (revenue) Number**: 14229**
   Security Account Number**: 4080502000000** Office Code Number**: 3500068056**
3. Sealed Bids must be valid for a period of 45 days from the date of sealed bid opening and must be accompanied by a original bid security, amounting as given below, which shall be valid for 30 days beyond the validity period.
4. If the last date of purchasing and /or submission falls on a government holiday, holiday shall not be consider and office will be remain open to purchase and /or submission/open the bid.
5. Detail of Procurements.

| Contract No. | IFB No. | Name of Contract | Estimated Amount without VAT (Rs.) | Bid Security Amount (Rs.) | Bid Document Fee (Rs.) | Bid Submission & Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | NCB/ PACKAGE/ 078/79-04v | Purchases of Volleyball Sports Goods & Mats For Chief Minister Cup sports (Package No. I) | 1673750 | 49,000.00 | 1,000 | 2079/03/07 at 12:00 hr Submission & at 13:00 hr opening |
| 2 | NCB/ PACKAGE/ 078/79-05 | Purchases of sports Marshal arts Goods (Package No. II) | 1068400 | 31,000.00 | 1,000 | |
| 3 | NCB/ PACKAGE/ 078/79-06 | Purchases of Sports Mats (Karate, Taekwondo & Kabaddi) (Package No. III) | 982300 | 28,000.00 | 1,000 | |

**Member Secretary**

मध्यान्ह
www.madhyanhadaily.com
२३ जेठ २०७९, सोमबार
6 June 2022, Monday

सम्पादकीय

## अस्थिरताको निरन्तरता

सत्तारूढ दल नेकपा एकीकृत समाजवादीले आफूले पठाएको सबै मन्त्री फिर्ता बोलाएर नयाँ मन्त्री पठाएको छ । आइतवार बसेको सचिवालय बैठकले चार मन्त्री र एक राज्य मन्त्री फिर्ता बोलाउने निर्णयसँगै नयाँ मन्त्रीको नामावली पनि टुंगो लगाएको थियो । प्रधानमन्त्री शेरबहादुर देउवालाई शपथ गराउँन पर्यटनमन्त्रीमा जीवनराम श्रेष्ठ, श्रम मन्त्रीमा शेरबहादुर कुँवर, शहरी विकास मन्त्रीमा मेटमणि चौधरी, स्वास्थ्य मन्त्रीमा भवानी खापुङ र स्वास्थ्य राज्यमन्त्रीमा हिरा केसीको नाम बुझाएको छ । यो सँगै सरकार बनेको पाँच वर्ष नपुग्दै पाँचौपटक मन्त्रिपरिषद् पुनर्गठन हुने भएको छ । गएको वर्ष २९ असारमा प्रधानमन्त्री देउवाले आफूसँगै पाँच सदस्यीय मन्त्रिपरिषद् गठन गरेका थिए । त्यसपछि चार पटक मन्त्रिपरिषद् पुनर्गठन गरेका प्रधानमन्त्री देउवालाई एकीकृत समाजवादीले आफ्नो भागमा परेको मन्त्रालयहरूमा नयाँ मन्त्रीको नाम बुझाएको छ ।

एकीकृत समाजवादीको निर्णयसँगै प्रेम आले पर्यटन, विरोध खतिवडा स्वास्थ्य, किसान श्रेष्ठ श्रम र रामकुमारी झाँक्री शहरी विकास मन्त्रालयबाट बाहिरिएका छन् । स्वास्थ्य राज्यमन्त्री खापुङलाई भने बढुवा गर्दै स्वास्थ्य मन्त्रालयको जिम्मेवारी दिइएको छ । यसअघि देउवाको मन्त्रिपरिषद्मा शपथ लिएका गजेन्द्रबहादुर हमाल र मिनेन्द्र रिजाल पूर्वमन्त्री बनिसकेका छन् । अब देउवाकै मन्त्रिपरिषदमा काम गरेका पूर्वमन्त्रीको संख्या पाँच पुगेको छ । एकीकृत समाजवादीले ६/६ महिना सरकार चलाउने सहमति बमोजिम मन्त्रिपरिषद् हेरफेरको निर्णय भएको प्रष्टोक्ति दिएको छ । तर ६ महिनाभित्रै मन्त्री हेरफेरको राजनीतिक औचित्य भने पुष्टि हुँदैन । कार्य सम्पादन मूल्याङ्कन पनि आधार बनाइएको छैन । सबैलाई पद पुऱ्याउने उद्देश्य मात्रै देखिन्छ ।

मन्त्रिपरिषद पुनर्गठनको शृङ्खला अघिल्ला सरकारको पालामा अझै धेरै देखिएको थियो । दुई पटक प्रतिनिधिसभा विघटनकै निर्णय गरेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले तीन वर्षको अवधिमा झण्डै डेढ दर्जन पटक मन्त्रिपरिषद् पुनर्गठन गरेका थिए । ०७४ को प्रतिनिधिसभा निर्वाचनले पाँच वर्षे स्थीर सरकार सञ्चालनका निम्ति तत्कालीन वाम गठबन्धनलाई जनादेश दिएको थियो । तर नेपालको संसदीय राजनीतिमा देखिदै आएको अस्थिरताले फेरि निरन्तरता पायो, प्रतिनिधिसभा विघटनको असंवैधानिक निर्णयसँगै सरकार नै बदलियो । संविधान, व्यवस्था र लोकतन्त्र जोगाउन दावीसहित वर्तमान सत्ता गठबन्धन बनेको छ । तर यो सरकारले पनि अस्थिर राजनीतिलाई फेरि निरन्तरता दिएको छ, जुन संवैधानिक व्यवस्था र आम नागरिकको भावना बिपरीतका कुरा हुन् ।

# कसरी जोगाउने पृथ्वी ?

*औद्योगिक राष्ट्रले थुपारेको कार्बन कहरमा नेपालजस्ता साना देशहरू जलवायु परिवर्तनको उच्च जोखिममा परेका छन् । हरेक वर्ष हिमनदी फुट्ने, हिमपहिरो आउने र तल्लो तटीय क्षेत्र प्रभावित हुने गरेको छ । सिन्धुपाल्चोकको भोटेकोशी नदीमा आएका वर्षौका बाढीपहिरो त्यसैको उदाहरण हो भन्दा फरक पर्दैन ।*

अग्रलेख



● रमेश लम्साल

वि. सं. २०७८ फागुन २१ गते मुस्ताङको थासाङ गाउँपालिका-२ को मानापाथी हिमालको फेदमा दर्जनौं चौरी आफ्नै लयमा चरिरहेका थिए । स्थानीय सुशीला शेरचन र उनका भाइ नरप्रसादको आम्दानीको बाटो थिए चौरी । गुरुसाङ्वो गुफामाथिको चिप्लुङ लेकमा चौरीको गोठ थियो । त्यही चौरी चर्ने छिप्लुङ खर्कमा खसेको हिमपहिरोले १५ वटा चौरी मार्‍यो । चौरी बास बसेको खर्कमा हिउँले पुरिएर उनीहरूको प्राण पखेरु उड्यो । सुशील र नरप्रसादको सपना पनि हिमपहिराले खाइदियो ।

हिउँदमा जाडो छल्न बेशी झरेका चौरी गोठ गर्मी बढेपछि लेकतर्फ उकालिएकै समयमा आएको पहिरोले सखाप पारिदिएको थियो । स्थानीयबासीका अनुसार मानापाथी हिमालको फेदीमा रहेको छिप्लिङ, हेपिम, हुम्लुङ, पड्के, ह्याङ्लिङ, सरेका खर्कमा लगातार हिमपहिरो खस्ने गरेको छ । गत कात्तिक २९ गते पनि मानापाथी हिमालबाटै खसेको हिमपहिरोले उधुम मच्चायो । आँधी जस्तै गरी आएको मुस्लोसहितको पहिरो खसेपछि भाग्ने क्रममा कोवाङका अमरसिंह माविका शिक्षक र विद्यार्थी घाइते भए । नाउरीकोटका सकेन्द्र गौचन र भीम थकालीका २१ वटा याक र नाक मरेका थिए । हरेक वर्ष यस्तै विपत्तीको पीडामा मुस्ताङबासी परिरहेकै छन् ।

अघिल्लो वर्ष भारतको चमोलीमा पनि हिमपहिरो आयो । हिमपहिरोका परेर ऋषी गङ्गा पावर प्रोजेक्ट सबैभन्दा बढी प्रभावित भयो । विभिन्न अध्ययनअनुसार नेपालको दूधकोशी, तमोर, कालीगण्डकी, अरुण, मुगु कर्णाली, सुनकोशी, भोटेकोशी, अरुण र त्रिशूलीजस्ता नदीमा पनि बाढीपहिरो र हिमताल विस्फोट भएर आउने सम्भावना बढी देखिन्छ । नेपालको उत्तरी क्षेत्रमा मात्रै तीन हजार बढी हिमताल छन् ।

औद्योगिक राष्ट्रले थुपारेको कार्बन कहरमा नेपालजस्ता साना देशहरू जलवायु परिवर्तनको उच्च जोखिममा परेका छन् । हरेक वर्ष हिमनदी फुट्ने, हिमपहिरो आउने र तल्लो तटीय क्षेत्र प्रभावित हुने गरेको छ । सिन्धुपाल्चोकको भोटेकोशी नदीमा आएका वर्षौका बाढीपहिरो त्यसैको उदाहरण हो भन्दा फरक पर्दैन । गत सालको असारमा आएको बाढी तथा पहिरोका कारण मेलम्ची बजार खण्डहर हुनु, निर्माणाधीन जलविद्युत् आयोजनासमेत अत्याधिक प्रभावित हुनुका पछाडि पनि जलवायु परिवर्तनको असरले नै काम गरेको छ । उच्च गतिमा हिमाल पग्लिरहेको छ । हिमनदीमा देखापरेको परिवर्तन र त्यसको निम्त्याएको जोखिम मुस्ताङमा आएको पहिरोभन्दा सयौं गुणा बढी विनाशकारी हुने कुरामा कुनै दुईमत देखिदैन ।

गत वर्षको बाढीपहिरोका कारण जलविद्युत् आयोजनामा मात्रै रु तीन अर्ब बराबरको क्षति भएको उद्यमीहरूको भनाइ रहँदै आएको छ । पछिल्ला पाँच वर्षमा त्यस क्षेत्रमा रु १० अर्ब बराबरको क्षति भएको छ । एक अन्तर्राष्ट्रिय अध्ययनअनुसार सन् १९७५ देखि २००० को बीचमा प्रत्येक वर्ष औसतमा चार अर्ब टन बरफ पग्लिएको थियो भने, सन् २००० देखि २०१६ को बीचमा त्यसको मात्रा दोब्बर भएर आठ अर्ब टन पुगेको छ । अन्टार्टिकादेखि उत्तरी धुव्रसम्म पनि हिउँ र बरफको पग्ने क्रम असाध्यै बढेर गएको छ । जलवायु परिवर्तनका कारण संसारभर नै तापक्रममा वृद्धि भएको छ ।

पूर्वमा वर्मादेखि पश्चिममा इरानसम्मको उत्तरी क्षेत्रमा हिमाल र हिमश्रृङ्खला छन् । हिन्दूकुश क्षेत्रमा लामो समयदेखि वातावरण र जलवायुको क्षेत्रमा अध्ययन गर्दै आएको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रका अनुसार माथिल्लो हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण परेको प्रभावले बाढीपहिरोको वितण्डा मच्चाउन थालेको छ । गत वर्ष मेलम्चीमा आएको बाढीपहिराले सरकारी तथा निजी सम्पत्तिलाई बगरमा परिणत गर्नुको पछाडि पनि सोही कारण रहेको जानकारको भनाइ छ ।

हिमाली क्षेत्रमा सन् १९५० पछि नयाँ हिमताल बन्ने, हिमपहिरो खस्ने, हिमनदी विस्तारित हुने क्रम बढेर गएको छ । सगरमाथा आरोहणमा जाने आरोहीअनुसार खुम्बु हिमनदीमा देखिएको परिवर्तन सबैभन्दा डरलाग्दो छ । इसिमोडका अनुसार कोशी, गण्डकी र कर्णाली नदी जलाधार क्षेत्रमा मात्रै २१ ताल असाध्यै जोखिमपूर्ण अवस्थामा छन् । ती ताल विस्फोट भएको अवस्थामा तल्लो तटीय क्षेत्रका सयौं बस्ती, जलविद्युत् आयोजना, सडक पूर्वाधारलगायत सम्पत्ति क्षणभरमा नै स्वाहाः हुने खतरा उत्तिकै छ ।

केही वर्ष पहिले भोटेकोशी नदीमा आएको बाढीका कारण भोटेकोशी जलविद्युत् आयोजना झण्डै चार वर्षसम्म बन्द हुनपुग्यो । गत भदौमा तामाकोशी नदीको माथिल्लो जलाधार चीनको स्वशासित क्षेत्र तिब्बतमा भीषण वर्षा हुँदा माथिल्लो तामाकोसीको जलाशयको पानी घटाएर आयोजना सुरक्षित बनाइयो । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रका हिमनदी पग्लने क्रममा वृद्धि भएको तथ्य कोही कसैबाट छिपेको छैन । त्यस्तै गत असारको वर्षाले मनाङ, बाजुरा, बझाङलगायत हिमाली क्षेत्रमा पनि अत्याधिक वर्षा भयो । पानीको सतह घटाउन च्छो रोल्पा हिमतालमा सरकार र गैरसरकारी क्षेत्रबाट राम्रै प्रयास भएको छ । भोटेकोशीको माथिल्लो जलाधार क्षेत्रमा मात्रै साना ठूला गरी तीन दर्जन बढी हिमताल छन् ।



> एक रिपोर्टले सन् १९८० देखि नै हरितगृह ग्यास उत्सर्जन दोब्बर भएको देखाउँछ, जसले विश्वको औसत तापक्रम कम्तीमा ०.७ डिग्रीले बढाएको छ । बदलिँदो तापक्रम र वर्षाका कारण 'जेनेटिक' रोगको फैलावट र वनस्पति तथा जनावरको सामूहिक मृत्युदर बढाएको छ, जसको परिणामस्वरूप जलवायु-सञ्चालित विलुप्तता, पारिस्थितीक प्रणालीमा बदली भएको छ ।

सोलुखुम्बु क्षेत्रमा पनि अनेकन हिमनदी र हिमताल देखिन थालेका छन् । विश्वव्यापी रुपमा तापक्रममा वृद्धि हुँदै जाँदा हिमनदीको आकार बढ्दै गएको छ । त्यसबाट तल्लो तटीय क्षेत्रमा जोखिम बढ्दै गएको छ । केही वर्ष पहिलो कास्कीको सेती नदीमा अकस्मात बाढी आउँदा ठूलो जनधनको क्षति भएको थियो । नेपालका अधिकांश खोला तथा नदी उत्तरबाट दक्षिणतर्फ बग्ने र ठाडो प्रकृतिका छन् । तापमानमा भएको वृद्धिका कारण नदीमा पानीको सतह बढ्दै गएको छ । यसबाट नदीमा निर्माण भएका जलविद्युत् आयोजनालाई पनि जोखिममा पारिदिएको छ ।

सन् १९९० मा भोटेकोशी जलविद्युत् आयोजना निर्माणका क्रममा भूउपग्रहको तथ्याङ्कका आधारमा अध्ययन गर्दा चिनियाँ भूभागमा साना ठूला गरी ४० का हाराहारीमा हिमनदी रहेको पाइएको थियो । ती नदीमा सन् १९३० र १९८१ मा समेत ठूलो बाढी आएको विवरणलाई पनि अध्ययन गरेर भोटेकोशी जलविद्युत् आयोजना निर्माण गरिएको त्यस आयोजना सम्वद्ध पक्षले जानकारी दिएको छ । गत असारमा निर्माण हुन लागेको ४४ मेगावाट क्षमताको सुपरमादी जलविद्युत् आयोजनामा मात्रै रु एक अर्ब बराबरको क्षति भयो । बाढीपहिरोको जोखिम बढ्दै गएपछि त्यसको निरुपणका लागि कसरी अगाडि बढ्ने र पूर्वतयारी कसरी गर्ने भन्ने बारेमा छलफल निरन्तर भइरहेको तर, त्यसको नियन्त्रण गर्ने सबै उपाय भने देशभित्र मात्रै छैन ।

कार्बन उत्सर्जनका कारण विश्वव्यापी रुपमा जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा बढी देखिएको भन्दै सरकारी तथा गैरसरकारी निकाय एवम् स्थानीय सरोकार भएका सबै निकायको साझा प्रयत्नले मात्रै जोखिमको न्यूनीकरण गर्न सकिने अवस्था छ । नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेका केही आयोजनामा मौसम पूर्वसूचना प्रणाली जडान भए पनि निजी क्षेत्रले निर्माण गरेका र निर्माणमा जाने तयारीमा रहेका आयोजनामा त्यस्तो प्रणाली राखिएका छैनन् ।

प्राधिकरणका अनुसार मर्स्याङ्दी र तामाकोशीमा 'गेज स्टेशन' राखिएको छ । त्यसबाट जोखिमको पूर्वतयारी एवं नदीको पूर्वसूचना प्राप्त हुने गरेको छ । सरकारले प्राकृतिक विपद् र जोखिम न्यूनीकरणका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण नै स्थापना गरेर आफ्नो काम गरिरहेको छ । प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलका अनुसार पछिल्लो २० वर्षमा बाढीको प्रकृतिमा बदलाब आएको छ । जोखिमको मात्रामा वृद्धि भएको छ । गत कात्तिकमा परेको बेमौसमी वर्षाका कारण झण्डै रु १२ अर्ब बराबरको क्षति हुनाले पनि वर्षाको प्रवृत्तिमा बदलाव आएको देखिन्छ ।

विपद्को पूर्वसूचना आदानप्रदान गर्न नेपाल र चीन सरकारबीच नौ बुँदे समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ । प्राधिकरणले बाढीपहिरो, आगलागी एवं नदीको जोखिमका बारेमासमेत अध्ययन गरिरहेको र जल तथा मौसम विभागसँग पनि सहकार्य गरिररहेको छ । नेपालमा डोजर नभइकन विकास नै हुँदैन भन्ने मान्यताका कारण बाढीपहिरोको जोखिम बढ्दै गएको छ ।

नदीमा जोखिम बढेको र त्यसले समग्र क्षेत्रमा असर पर्ने भएकाले जोखिम न्यूनीकरणका कारण सम्वद्ध पक्षको समान हिस्सेदारी रहने गरी काम गर्नुपर्ने आवश्यकता झनै बढेर गएको छ । विश्व वातावरण दिवस सन् १९७४ देखि निरन्तर मनाइँदै आएको छ । हरेक वर्ष विश्वभरि लाखौं मानिसहरू उत्सवमा भाग लिन्छन् । यस वर्षको दिवसलाई 'केवल एउटा पृथ्वी' भन्ने नाराका साथ मनाइएको छ ।

यसले पुथ्वीको आवश्यकताको महत्व दर्शाएको छ । एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड)का पेमा ग्याम्त्सोको सन्देशमा अनगिन्ती आकाशगंगा भएको ब्रह्माण्ड छ । हाम्रो आकाशगंगामा पनि अनगिन्ती ग्रहहरू छन् । तर एउटा मात्रै पृथ्वी छ । यो लगभग सात अर्ब ५० करोड मानिसको घर हो । बढ्दो विश्वव्यापी तापक्रमले पृथ्वी प्रणालीका भागहरूलाई अपरिवर्तनीय परिवर्तनमा धकेलिदिएको छ । हरितगृह ग्यास उत्सर्जन धेरै गुणा बढाउने, समुद्री सतह ५ देखि ७ मिटरले बढाइदिएको छ । जैविक विविधतामा हानी उत्पन्न भएको छ । कतै गम्भीर खडेरी त कतै भारी वर्षा भइरहेको छ । हिन्दूकुश हिमालयमा पनि यस्ता परिवर्तनहरू देखापरेका छन् । हरेक वर्ष करिब ६० अर्ब टन नवीकरणीय र गैरनवीकरणीय स्रोतहरू निकालिन्छ । बायोमास, जीवाश्म इन्धन, खनिज र धातुको विश्वव्यापी निकासी र प्रयोग सन् १९७० देखि यता आउँदा ६ गुणाले बढेको छ ।

सन् १९९२ देखि सहरी क्षेत्र दोब्बर भएको छ । ठूलो मात्राको वन खेतबारीमा परिणत भएको छ । विषाक्त फोहोर हरेक वर्ष खोला, नदी र महासागरहरूमा सिधैं फ्याकिन्छ । इन्टर गभरमेन्टल प्यानल अन क्लाइमेट चेन्ज (आईपीसीसी) को छैटौं मूल्याङ्कन प्रतिवेदनले सन् १९८० देखि नै हरितगृह ग्यास उत्सर्जन दोब्बर भएको देखाउँछ, जसले विश्वको औसत तापक्रम कम्तीमा ०.७ डिग्रीले बढाएको छ । बदलिँदो तापक्रम र वर्षाका कारण 'जेनेटिक' रोगको फैलावट र वनस्पति तथा जनावरको सामूहिक मृत्युदर बढाएको छ, जसको परिणामस्वरूप जलवायु-सञ्चालित विलुप्तता, पारिस्थितीक प्रणालीमा बदली भएको छ ।

जङ्गलको आगलागीमा वृद्धि भएको छ । मानिसले नै पैदा गरेको नकारात्मक असरका कारण बाढी, खडेरी, जङ्गलमा आगलागी स्थलीय र सामुन्द्रिक तापमा वृद्धि तथा चक्रवातलगायत सामाजिक पर्यावरणीय जोखिम बढाएको छ । यी र यस्ता समस्याबाट बाहिर निस्केर यस वर्षको वातावरण दिवसको नाराले भने जस्तै केवल एउटा पृथ्वीको रक्षाका लागि संसारभरका मानिसको साझा प्रयास जरुरी छ ।

सामाजिक सञ्जाल



- डम्मर खतिवडा

ओलीको आलोचना गर्दा कमरेड घनश्याम भुसाललाई कारबाही ! कम्युनिस्ट परम्परामा कुनै नयाँ कुरा होइन, स्टालिनको आलोचना गर्दा त्रोत्स्की, किरोभ, कामेनेभ, जिनोवियेभ, बुखरिन सकिएका थिए । कम्तीमा ओलीले त्यसो त गर्न सक्दैनन् नि, हदसे हद गरे पार्टी सदस्यता न खोस्लान् ।



- च्यवन घिमिरे

सबैभन्दा सुरक्षित मानिएको हवाई यात्रामा दुर्घटनाको कारण नेपालमा वर्षमा औसत १२ जनाको मृत्यु हुँदो रहेछ । तर सडक दुर्घटनामा दैनिक मृत्युदर त्यो भन्दा बढी छ । अनि हवाई यात्राको सुरक्षामा चासो र बहस जति हुन्छ, सडक यात्राले त्यति महत्व पाउँदैन । सायद सडकले भूँइम्मान्छे बोक्ने भएर होला !



- सुशिल न्यौपाने

एमालेका सदस्यलाई एमालेले कारबाही गर्ने कुरो गर्दा माओवादीका सदस्यलाई चिन्ता किन ? अनुशासन भंग गर्दा कांगेसले कांग्रेसका सदस्यलाई, एमालेले एमालेका सदस्यलाई कारबाही नगरेर माओवादीका सदस्यलाई कारबाही गर्न त नमिल्ला !



- लक्ष्मण घिमिरे

उसै त संघीयता नै नेपाली जनतालाई घाँडो भएको छ, त्यसमाथि प्रत्येक जिल्लामा जिल्ला समन्वय समिति त फिकि दे गलगाँड भन्दा थपिदे गलगाँड जस्तो भएको छ । विगत ५ वर्षमा ७७ रै जिल्लामा यस्ता समितिहरूले के काम गरे कति खर्च भयो ? कसैले प्रतिवेदन वनाउँछ कि ?



- शिव अधिकारी

संघीयता आफैमा नराम्रो हैन । तर केन्द्रको अधिकार कटौती नगर्ने, प्रदेशमा भएको सचिव केन्द्रको मातहत राख्ने अनि पुलिस, सिडिओ सबै केन्द्रकोमा राखेर हुन्न । वर्षौंदेखि जर्मनीमा संघीयता कसरी चलीरहेछ भनेर संविधान बनाउनेहरू हेर्न आएकै थिए तर, इमानदार भएर लागु गरेन ।

# प्रकृति जोगाउने संकल्प गरौं

विचार



● रमेश सराफ

विश्व वातावरण दिवस एक अभियान हो । यो अभियान सुरु गर्नुको मुख्य उद्देश्य वायुमण्डलीय अवस्थाहरूमा केन्द्रित हुनु र पृथ्वीको सुरक्षित भविष्य सुनिश्चित गर्न वातावरणमा भएको सकारात्मक परिवर्तनमा सहभागी हुन र मानिसहरूलाई उत्प्रेरित गर्नु रहेको छ ।

विश्व वातावरण दिवस हरेक वर्ष जुन ५ मा विश्वभर मनाइन्छ । यस दिन प्रकृतिलाई जोगाउन र त्यससँग खेलवाड नगर्न विभिन्न कार्यक्रममार्फत मानिसहरूलाई सचेत गराइन्छ । यस्ता कार्यक्रममार्फत बिरुवा रोप्ने, रुख संरक्षण गर्ने, हरिया रुख नकाट्ने, खोला सफा राख्ने, प्रकृतिसँग खेलवाड नगर्ने जस्ता कुराहरु बारे सचेत गराइन्छ ।

पर्यावरण शब्द परि र आवरण दुई शब्दहरू मिलेर बनेको हुन्छ । परि भनेको हाम्रो वरिपरि वा हाम्रो चारै क्षेत्र हो भने आवरणको अर्थ जसको वरिपरि हामी घेरिएका छौं । अर्थात्, पर्यावरण भनेको हाम्रो वरपरको वातावरण हो । पर्यावरण बिरुवा, हावा र हाम्रो वरपर सबै चीजहरू मिलेर बनेको छ ।

पर्यावरण हाम्रो दैनिक जीवनसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ । मानव र पर्यावरण एकअर्कासँग सम्बन्धित र निर्भर छन् । रुख घट्नु, वायु प्रदुषण आदिले मानव स्वास्थ्यमा प्रत्यक्ष असर पार्छ । मानिसको राम्रो र नराम्रो बानीले वातावरणमा प्रत्यक्ष प्रभाव पार्छ । विश्व वातावरण दिवस मनाउनुको मुख्य उद्देश्य मानव जातिलाई वातावरणको बारेमा सचेत गराउनु हो । यसको उद्देश्य सम्पूर्ण प्रकृति र वातावरणको रक्षा गर्नु हो ।

विश्व वातावरण दिवस पहिलो पटक संयुक्त राष्ट्र संघले सन् १९७२ मा मनाएको थियो । तर यो स्वीडेनको राजधानी स्टकहोममा ५ जुन १९७४ मा विश्वव्यापी रूपमा मनाइयो । जहाँ ११९ देशको उपस्थितिमा वातावरण सम्मेलन आयोजना गरिएको थियो । साथै हरेक वर्ष जुन ५ लाई विश्व वातावरण दिवस मनाउने निर्णय भएको छ ।

### पृथ्वीलाई सफा र हरियाली बनाऔं

यस वातावरण दिवसमा हामी सबैले आफ्नो पृथ्वीलाई सफा र हरियाली बनाउन अरु के गर्न सक्छौं भनेर सोचौं । यो दिशामा हामी कसरी अगाडि बढ्न सक्छौं ? अब वातावरण दिवसमा बिरुवा रोपेर मात्रै केही हुँदैन । जबसम्म हामी त्यो बिरुवा रुख नबन्दासम्म त्यो बिरुवाको हेरचाह गर्नेछौं भन्ने पक्का छैन । पृथ्वीलाई प्रदूषणमुक्त बनाउने बाचा लिएर हामी सबै मिलेर त्यस दिशामा लाग्नुपर्छ ।

खोलाको पानीलाई प्रदूषणमुक्त बनाउन सरकारले वर्षेनी अर्बौं रुपैयाँ खर्च गर्दै आएको छ । त्यसपछि पनि खोलाको पानी शुद्ध हुन सकेको छैन । तर पछिल्ला दुई वर्षमा लकडाउनका कारण केही खर्च नगरी नदीको पानी स्वतः शुद्ध भएको थियो । ती खोलाको पानीमा नुहाउँदा छालासम्बन्धी रोग लाग्ने सम्भावना रहेको अवस्थामा ती खोलाको पानी शुद्ध गर्नु ठूलो कुरा हो ।

भारतमा सबैभन्दा प्रदूषित मानिने गंगा नदी सबैभन्दा शुद्ध पानी भएको नदी बनेको छ । वैज्ञानिकहरूका अनुसार गंगाको पानी सफा हुनुको कारण पानीमा घुलनशील पदार्थको मात्रामा ५०० प्रतिशत कमी आएको थियो । गंगामा खसेको ढल र अन्य प्रदूषणको कमीले पानी सफा थियो ।

भारतको नेशनल हेल्थ पोर्टलका अनुसार वायु प्रदूषणका कारण हरेक वर्ष करिब ७० लाख मानिसको मृत्यु हुने गरेको छ । वायु प्रदूषणका कारण मानिसले शुद्ध हावा पाउन सकेका छैनन् । जसले हाम्रो शरीरको फोक्सो, मुटु र मस्तिष्कमा नराम्रो प्रभाव पार्छ । देशमा प्रदूषणका कारण ३४ प्रतिशत मानिसको मृत्यु हुने गरेको छ । तर लकडाउनका कारण प्रदूषण कम भएकाले देशमा यसबाट हुने मृत्यु पनि घटेको छ ।

### सहरीकरणको यो साइड इफेक्ट

विश्वमा तीव्र शहरीकरणका कारण जनसंख्याको ठूलो मात्रामा कृषि भूमि गुम्यो । जसका कारण रुख र बोटबिरुवा काटेर खोलाका नाला बन्द गरेर ठूला-ठूला भवन निर्माण भएका छन् । जसका कारण त्यहाँ बस्ने पशुपक्षी अन्यत्र गएका छन् । पुरानो समयमा वातावरण जोगाउन बहर-पिपल जस्ता घना छायादार रुख काट्न नदिन देवताको रुपमा पुज्ने गरिएको थियो । त्यसैले आज पनि गाउँमा ठूला, पिपलको रुख काट्दैनन् ।

विश्व वातावरण दिवस मनाउने मुख्य उद्देश्य जलवायु परिवर्तनविरुद्ध लड्न र वातावरण संरक्षणका अन्य विधिहरू लगायत सबै देशका जनतालाई एकै ठाउँमा ल्याएर वन व्यवस्थापनमा सुधार गर्नु हो । पृथ्वीलाई यथार्थमा जोगाउन आयोजना गरिएको यस पर्वमा सबै उमेर समूहका मानिस सक्रिय हुन जरुरी छ । तीव्र सहरीकरण र निरन्तर काटिएको कारणले बिग्रँदै गएको वातावरणीय सन्तुलनलाई रोक्न जरुरी छ ।

आज हाम्रो वातावरण उच्च स्तरको प्रदूषणका कारण खतरामा छ । वातावरणका सबै अवयवहरू, बायोस्फियर, हाइड्रोस्फियर, वायुमण्डल सबै प्रदूषणमा फसेका छन् । प्रदूषणको बढ्दो प्रभावले सामान्य प्राकृतिक वातावरणलाई ठूलो असर गरिरहेको छ । ज्वालामुखी विस्फोट, जंगलमा आगलागी आदि प्राकृतिक प्रदूषण घटनाहरू हुन् ।

पानी प्रदुषण, सवारी साधनको धुवाँ, कलकारखानाबाट निस्कने धुवाँबाट निस्कने प्रदूषण, वन फँडानी आदि मानवबाट हुने प्रदूषण हुन् । मानिसले सिर्जना गरेको प्रदुषणका कारण प्रकृति र वातावरणको विनाश तीव्र गतिमा भइरहेको छ । प्रदूषणका मुख्य रूपहरू जल प्रदूषण, वायु प्रदूषण र माटो प्रदूषण हुन् । यस्तो अवस्थामा अहिले वातावरणीय व्यवस्थापनको ठूलो आवश्यकता छ ।

### भविष्य खतरामा

वातावरणको अभावमा जीवनको कल्पना पनि गर्न सकिँदैन । हामीले भविष्यमा जीवन बचाउनको लागि वातावरण संरक्षण सुनिश्चित गर्नुपर्दछ । यो धर्तीमा बस्ने हरेक व्यक्तिको जिम्मेवारी पनि हो । प्रत्येक व्यक्ति अगाडि आएर वातावरण संरक्षणको अभियानमा सहभागी हुनैपर्छ, तब मात्र हामी पृथ्वीलाई सुरक्षित राख्न सक्षम हुनेछौं ।

आजको दिनमा हामीले आम जनतालाई साझेदार बनाउने र बिग्रँदै गएको वातावरणीय असन्तुलनको खाँचो हामी र हाम्रा भावी पुस्ताले बेहोर्नुपर्ने हो भन्ने महसुस गराउनुपर्छ । त्यसैले अहिलेदेखि नै हामी वातावरणप्रति सचेत हुन जरुरी छ । हामीले वातावरण संरक्षणका लागि द्रुत गतिमा काम गर्नुपर्छ, तब मात्रै बिग्रँदै गएको वातावरणीय असन्तुलनलाई सन्तुलनमा राख्न सक्नेछौं । तब मात्र हाम्रा भावी पुस्ताले शुद्ध हावामा सास फेर्न सक्नेछन् । ***अमर उज्यालाबाट***

# बंगलादेशको एक डिपोमा विस्फोट, कम्तिमा ४४ को मृत्यु





**काठमाडौं/एजेन्सी–** बंगलादेशको दक्षिणपूर्वी शहर चट्गाउँको सीताकुण्ड भन्ने स्थानमा रहेको एउटा ढुवानी कन्टेनर डिपोमा शनिबार विस्फोटपछि भएको आगलागीमा परेर कम्तिमा ४४ जनाको मृत्यु भएको छ। चटगाउँको प्रमुख दक्षिणी बन्दरगाहबाट करिब ४० किलोमिटर टाढा रहेको सिताकुण्डमा रहेको भित्री कन्टेनर भण्डारण केन्द्रमा शनिबार राति करिब ९:३० बजे आगलागी भएको थियो।

तीन सयभन्दा बढी घाइते भएको र घाइतमध्ये धेरैको अवस्था गम्भीर रहेकाले मृतकको संख्या बढ्न सक्ने अनुमान गरिएको छ। सो आगलागीमा परी ४० अग्निनियन्त्रक र १० प्रहरीअधिकारी घाइते भएका जनाइएको छ।

घाइतेमध्ये २० जनाको अवस्था गम्भीर रहेको र उनीहरूको शरीरको ६० देखि ८० प्रतिशत भाग जलेको घाइतेहरूको उपचार भइरहेको अस्पतालका एक चिकित्सकलाई उद्धृत गर्दै समाचार संस्था एएफपीले जनाएको छ। चटगाउँको एक स्थानीय अस्पतालका चिकित्सकले जलेको अवस्थामा रहेका कैयौं मानिस गम्भीर अवस्थामा रहेका पनि बताएका छन्।

आगलागीको कारण खुल्न सकेको छैन। स्थानीय सञ्चारमाध्यमले भण्डारणमा प्रयोग भएका केही कन्टेनरहरूमा रासायनिक पदार्थ राखिएको हुनसक्ने विवरणहरू प्रकाशित गरेका छन्। विस्फोटका कारण आसपासका धेरै घरहरूमा झ्यालका सिसा फुटेको र चार किलोमिटर टाढासम्म कम्पन महसुस भएको स्थानीय सञ्चारमाध्यम पोर्टहोमालोले जनाएको छ। यो डिपोमा करिब ६०० मानिसहरूले काम गर्ने त्यसका निर्देशक मुजिबुर रहमानले एएफपीलाई बताए।

गत डिसेम्बरमा देशको दक्षिणी क्षेत्रमा एउटा डुंगामा आगलागी हुँदा ३९ जनाको ज्यान गएको थियो। गत वर्ष राजधानी ढाका नजिकैको रूपगञ्जमा एउटा कारखानामा आगलागी हुँदा ५२ जनाको मृत्यु भएको थियो।

# उत्तर कोरियाद्वारा ८ ब्यालेस्टिक मिसाइल परीक्षण



**काठमाडौं/एजेन्सी–** उत्तर कोरियाले आइतबार बिहान पूर्वी तटमा आठ छोटो दूरीका ब्यालेस्टिक मिसाइल परीक्षण गरेको समाचार एजेन्सी रोयटर्सले जनाएको छ। दक्षिण कोरिया र अमेरिकाले आफ्नो पहिलो संयुक्त सैन्य अभ्यास एक दिनअघि सम्पन्न गरेपछि उत्तर कोरियाले मिसाइल परीक्षण गरेको हो।

रोयटर्सका अनुसार यी मिसाइलहरू उत्तर कोरियाको राजधानी प्योङयाङको सुनान क्षेत्रबाट प्रहार गरिएको थियो। यसैगरी, जापानको क्योडो समाचार एजेन्सीले सरकारी स्रोतलाई उद्धृत गर्दै उत्तर कोरियाले एकैपटक धेरै मिसाइल प्रहार गरेको जनाएको छ।

अमेरिकी विशेष दूतसँग किम जोङ उन दक्षिण कोरियाको भ्रमणमा गएपछि उत्तर कोरियाले मिसाइल परीक्षण गरेको अन्तर र्ाष्ट्रिय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन्। उनले आफ्ना दक्षिण कोरिया र जापानी समकक्षीसँग भेट गरेका थिए। सन् २०१७ यता उत्तर कोरियाले पहिलो पटक आणविक परीक्षण गर्ने सम्भावना छ।

अमेरिकाले उत्तर कोरियालाई आफ्नो कूटनीतिको ढोका खुला रहेको र प्रतिबन्धहरू खुकुलो पार्ने विषयमा छलफल गर्न पनि तयार रहेको स्पष्ट रूपमा बताएको छ। गत साता अमेरिकाले उत्तर कोरियाविरुद्ध संयुक्त राष्ट्रसंघमा थप प्रतिबन्ध लगाउन चाहेको थियो, तर चीन र रुसले त्यसको विरोध गरेका थिए।

सन् २००६ पछि चीन र रुसले उत्तर कोरियामाथि प्रतिबन्ध लगाउन संयुक्त राष्ट्र सुरक्षा परिषदमा भिटो लगाएको यो पहिलो पटक हो। २००६ मा उत्तर कोरियाले आफ्नो पहिलो परमाणु परीक्षण गरेको थियो।

# हप्तौंपछि युक्रेनको राजधानी किभमा पुनः रुसी आक्रमण



**काठमाडौं/एजेन्सी–** युक्रेनको राजधानी किभमा आइतबार बिहानै कैयौं विस्फोट भएका छन्। पछिल्लो थुप्रै हप्तामा पहिलो पटक किभमा यस्तो खालको हमला भएको हो। शहरको माथिबाट अत्यधिक कालो धुँवा देख्न सकिन्छ। उक्त क्षेत्रमा आपतकालीन सेवामार्फत् राहत तथा उद्धार कार्य भइरहेको छ। कम्तीमा एक जना घाइते भएको बताइएको छ।

पूर्वी युक्रेनको डोनबास क्षेत्रमा रुसी सेनाले आक्रमणमा ध्यान केन्द्रित गरेपछि हालैका महिनाहरूमा किभ सहर धेरै हदसम्म शान्त भएको थियो। हाल सबैभन्दा भीषण युद्ध सेवेरोदोनेत्स्क शहरमा चलिरहेको छ। युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सेवेरोदोनेत्स्कको अवस्था 'अत्यन्तै कठिन' रहेको बताएका छन्। यहाँ युद्ध, सहरको लगभग हरेक गल्लीमा पुगेको उनले बताएका छन्।

यो शहरमा कब्जा गरेपछि, सम्पूर्ण लुहान्स्क क्षेत्र रूसी सेना र यसको स्थानीय अलगाववादी सहयोगीहरूले कब्जा गर्नेछन्। यी रुस समर्थित पृथकतावादीहरूले छिमेकी डोनेट्स्कको धेरैजसो भागलाई पनि नियन्त्रण गर्ने गर्छन्।

जेलेन्स्कीले भने, 'सेवेरेदोनेत्स्क र पूर्वी क्षेत्रका अन्य शहरमा ' लगातार हवाई हमला, तोप र मिसाइल' दागिँदैछ तर युक्रेनी सेना यी हमलाको जवाफ दिइरहेको छ।'

शनिबार लुहान्स्कका गभर्नरले सेवेरोदोनेत्स्कमाथि अहिले पनि युक्रेनी सेनाको नियन्त्रण छ तर युक्रेनले पश्चिमी सहयोगीहरूलाई सहयोग गर्न पठाइएका सटीक हतियारहरू पर्खिरहेको छ।

सेर्ही हैदाइले भने, 'हामीसँग पर्याप्त पश्चिमी लामो दूरीका हतियारहरू हुने बित्तिकै, हामी तिनीहरूको तोपलाई हाम्रो आधारबाट हटाउनेछौँ। त्यसपछि, विश्वास गर्नुहोस्, रुसीहरू पैदल दौडनेछन्।'

लडाइँका कारण सेभरोडोनेट्स्कका अधिकांश क्षेत्र भग्नावशेषमा परिणत भएका छन् तर हजारौँ सर्वसाधारणहरू अझै पनि घरका भूमिगत भागमा लुकेर बसेका छन्। रुसी फौजहरूले युक्रेनलाई थप सैन्य सामग्री ल्याउनबाट रोक्न र सर्वसाधारणहरूलाई मानवीय सहायता उपलब्ध गराउन नदिन नदीमा निर्मित पुललाई ध्वस्त बनाइरहेका छन्। गएको फेब्रुअरीको अन्त्यमा रुसले युक्रेनविरुद्ध हमला गरेयता दशौँ हजार मानिसहरूले ज्यान गुमाएका छन् भने दशौँ लाख विस्थापित भएका छन्।

# पाकिस्तानी प्रधानमन्त्री शेहबाजलाई पक्राउ गर्न अनुमति माग

**काठमाडौं/एजेन्सी–** पाकिस्तानको संघीय अनुसन्धान एजेन्सी (एफआईए) ले अदालत समक्ष प्रधानमन्त्री शेहबाज शरीफ, उनका छोरा र पञ्जाब प्रान्तका मुख्यमन्त्री हम्जा शेहबाजलाई १६ अर्ब रुपैयाँको सम्पत्ति शुद्धीकरण मुद्दामा पक्राउ गर्न अनुमति दिन अनुरोध गरेको छ। यद्यपि, अदालतले उनीहरूको अन्तरिम जमानतलाई जुन ११ सम्म लम्ब्याएको छ।

शरीफ परिवारका वकिल मोहम्मद अमजद परवेजले बताएअनुसार उक्त मुद्दामा डेढ वर्षदेखि अनुसन्धान चलिरहेको छ तर अझै पनि एफआईएले उनका विरुद्ध कुनै प्रमाण पेश गर्न सकेको छैन। अमजद परवेजले मनी लान्ड्रिङ मुद्दामा जमानत पुष्टि गर्न आफ्नो तर्क पेश गर्न थालेपछि दुबै पीएमएल एन नेताहरू अदालतबाट बाहिरिएका थिए। दुवैजना जेलमा हुँदा एफआईएले बाबु-छोरालाई सोधपुछ गरेको वकिलले बताएका छन्। न्यायाधीशले अन्य सबै सरोकारवालाहरूलाई अर्को सुनुवाइमा आफ्नो तर्क प्रस्तुत गर्न आदेश दिएका छन्। अर्को सुनुवाइ जुन ११ हुनेछ। सुलेमान शाहबाज, ताहिर नक्वी र मलिक मकसूद विरुद्ध गैर जमानती वारेन्टको रिपोर्ट पेश गर्न एफआईएलाई निर्देशन दिइएको छ।

अर्कोतर्फ, रमजान चिनी मिल र आशियाना हाउजिङ मुद्दामा सुनुवाइका क्रममा पाकिस्तानी प्रधानमन्त्रीले उपस्थित भएर आफ्नो तर्क राख्न पाउन अनुरोध गरेका थिए। नेशनल एकाउन्टेबिलिटी ब्युरो (एनएबी) ले अदालतमा मुद्दा दायर गरेको थियो। सुनुवाईको क्रममा अभियोजक असदुल्लाह मलिकले भ्रष्टाचारका मुद्दाहरूसँग सम्बन्धित रेकर्डहरू प्रस्तुत गर्ने साक्षीहरू पेश गर्न माग गरेका थिए। सबै बहस सुनेपछि सुनुवाइ जुन २० गतेसम्मका लागि स्थगित गरिएको छ। जिओ टिभीका अनुसार शहबाजलाई आशियाना हाउजिङ मुद्दामा अभियोग लगाइएको छ। फेडरल इन्भेस्टिगेशन एजेन्सी (एफआईए) ले सन् २०२१ को डिसेम्बरमा शहबाज र हम्जा विरुद्ध चिनी घोटाला प्रकरणमा १६ अर्ब रुपैयाँको धनको अपचलनमा संलग्न भएको आरोपमा विशेष अदालतमा चलान पेस गरेको थियो।

# चीनद्वारा सोलोमन टापुमा सैन्य विस्तार

**काठमाडौं/एजेन्सी–** चीनले होनियारामा सैन्य आधार निर्माण गर्ने आफ्नो कुनै मनसाय नभएको दाबी गरे पनि गोप्य कागजातले सोलोमनमा आफ्नो सैन्य उपस्थितिलाई बलियो बनाउने चीनको मनसायको पर्दाफास गर्दै उल्टो चित्र चित्रण गरेको दाबी गरिएको छ।

हालै लिक भएको गोप्य दस्तावेजले सो कुरा पुष्टि गरेको छ, जुन चिनियाँ विदेश मामिला मन्त्री वाङ यीले दक्षिण प्रशान्त महासागरका आठ देशको भ्रमण गरेपछि बाहिर आएको हो। चिनियाँ विदेशमन्त्रीले दुई देशबीचको सम्झौताको उद्देश्य सोलोमन टापुलाई आफ्नो प्रहरी बलको कानून कार्यान्वयन गर्ने क्षमताको स्तरवृद्धि गर्न मद्दत गर्नु रहेको बताएका छन्।

वाङले भनेका छन्, 'यो सम्झौताले सोलोमन टापुहरूलाई यसको प्रहरी र कानून प्रवर्तन क्षमताहरु सुधार गर्न र सोलोमन टापुहरूलाई यसको सामाजिक सुरक्षालाई अझ राम्रोसँग सुरक्षित गर्न सहयोग गर्ने उद्देश्य राखेको छ।' यद्यपि, यो मुद्दाले अझै पनि अष्ट्रेलिया, साथै युरोप र अमेरिकामा चिन्ता बढाएको छ। सोलोमन टापु चीनको योजनाको पहिलो लक्ष्य होइन। यसअघि सन् २०१७ मा चीनले पूर्वी अफ्रिकी राष्ट्र जिबूतीमा आफ्नो पहिलो विदेशी बेस स्थापना गर्‍यो र आफ्ना दुई प्रमुख सुरक्षा साझेदारहरू, रूस र पाकिस्तानसँग नियमित सैन्य तालिम आदानप्रदान गरेको ताइपेई टाइम्सले उल्लेख गरेको छ।

विगत केही वर्षदेखि चीनले 'सार्वजनिक सुरक्षा र प्रहरी आदानप्रदान' को नाममा अफ्रिका, मध्य र दक्षिण अमेरिका र दक्षिणपूर्वी एसियाका विकासोन्मुख देशहरूमा कानून प्रवर्तनलाई तालिम दिइरहेको छ।

# सोमालियामा खडेरीले चरम खाद्यान्न अभाव

**काठमाडौं/एजेन्सी–** सोमालियामा लामो समयदेखि जारी रहेको खडेरीका कारण खाद्यान्नको अभाव भएको छ। यहाँ लामो समयदेखि आन्तरिक राजनीतिक संकटका साथै खडेरीका कारण पनि खाद्यान्नको अभाव हुदै गएको पाइएको छ।

यहाँ खाद्यान्न अभाव अझै बढ्ने स्पष्ट संकेतहरु देखिएका राष्ट्रसंघीय अधिकारीहरुले बताउँदै आएका थिए। जसका कारण यहाँका बालबालिकामा कुपोषण, प्रोटिन तथा पोषणयुक्त खानाको अभाव पनि बढ्दै जाने देखिएको छ।

सोमालियाको यो अवस्थाका बारेमा सोमालियाली सरकार र राष्ट्रसंघीय अधिकारीहरुले शनिबार जानकारी गराएका हुन्। उनीहरुले अहिलेकै अवस्था रही आएमा यहाँ चरम खाद्यान्न अभाव र नागरिकहरु कुपोषणको शिकार हुने अवस्था रहेको पनि उनीहरुले जनाएका छन्।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०२/२३**

**एकर नेपाल प्रा.लि.** को मिति **२०७९/०२/०४** गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एकोर ईन्टरनेशनल ट्रेनिङग प्रा.लि. (प्रा. लि. नं.: ५३७७७)**, कायम गर्ने गरी मिति **२०७९/०२/०९** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## अनलाइन मिडिया खारेजीको सूचना ।

यही मिति २०७९/०२/२० गते शुक्रबारका दिन बसेको संचालक समितिको बैठकको निर्णयले यस जेन्युइन एडभरटाइजिङ्ग एण्ड प्रिन्टिङ्ग प्रा.लि. द्वारा सञ्चालित www.highnepalnews.com खारेजीको प्रक्रियामा रहेको जानकारी गराउँदै यस संस्थासँग कसैको कुनै पनि बाँकी बक्यौता भएमा उचित प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सम्पर्क गर्नुहुन अनुरोध छ। अन्यथा कुनैपनि दाबी नलाग्ने ब्यहोरा सूचित गर्दछौं।

जेन्युइन एडभरटाइजिङ्ग एण्ड प्रिन्टिङ्ग प्रा.लि.
कोटेश्वर, काठमाडौं


## साउदीमा रोजगार | कम्पनी : AL-OTAIBI TRANSPORTATION शहरः DAMMAM

पुर्व स्वीकृत मितिः २०७९/०२/२० चलानी नं.: ६०१८०४१६ LT. No.:264332

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५९,४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ ३० गते (13 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. lic. No. 1155/073/74

A.S. International Group Pvt. ltd.
Samakhusi-26, Kathmandu, Nepal, Tel: 01-4020181/4020182
Email- asintldemand@gmail.com

## मलेसियामा रोजगार | कम्पनी : KEDAI MAKANAN & MINUMAN PAO LO शहरः Perak

पूर्व स्वीकृत मितिः २०७९/०१/१२ चलानी नं.: ६०१७८५०० LT. No.: 262185 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 3 | 0 | स. काममा दक्ष | 1200 | ३३,८७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपण्डोल, ललितुरमा २०७९ जेठ ३० गते (13 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५२३३६२, फ्याक्सः ५५४६६५१
E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com
श्रम इजाजत नं ८१०/०६५/०६६

## मलेसियामा रोजगार | कम्पनीः KAWALAN KESELAMATAN SANUBARI SDN BHD शहरः JALAN

पूर्व स्वीकृत मितिः २०७६/०८/०२ चलानी नं.: ६०१४६५२१ LT. No.: 227382 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guards | 33 | 0 | स. काममा दक्ष | 1100 | ३१,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ जेठ ३० गते (13 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

NICE OVERSEAS PVT. LTD.
Dhobighat-3, New Colony, Lalitpur, Tel.: 5535529, 5523629, 9851193062, 9749800678
E-mailM info@niceoverseas.com.np, Website: www.niceoverseas.com.np
श्रम इजाजत पत्र नं. १०८९/०७३/०७४

## साउदीमा रोजगारको अवसर | कम्पनी : FISCO (FUNDAMENTAL ISOLATION SYSTEM CO. LTD.) शहरः JEDDAH

पूर्व स्वीकृत मितिः २०७८/०८/१५ चलानी नं.: ६०१६९३९३ L.T. No.: 252437 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 6 | 0 | स. काममा दक्ष | 1200 | ३९,६३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ 30 गते (13 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.
सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४३८८३८०, ४३८२५३३, फ्याक्सः ४३८८३८१
श्रम इजाजत नं. ८४५/०६६/०६७

## साउदीमा रोजगार अवसर

१. कम्पनीः DIYAR BURGER EST TO SERVE MEALS शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७९/०२/२२ चलानी नं.: ६०१८०४३६ L.T. No.: 263972

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३९,६३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः ABDULLAH MOHAMMED AWAZA AL-SHEHRI EST. FOR OIL CHANGES शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७९/०२/२२ चलानी नं.: ६०१८०४३२ L.T. No.: 263973

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनीः ELEGANCE DISTINGUISHED GENTS TAILORING शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७९/०२/२२ चलानी नं.: ६०१८०४३१ L.T. No.: 264305

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL TAILOR | 2 | 0 | स. काममा दक्ष | 1300 | ४२,९३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनीः JUMAN ABDULAZIZ BIN SULAIMAN AL-GHAZI CAFE TO SERVE DRINKS शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७९/०२/२२ चलानी नं.: ६०१८०४३५ L.T. No.: 263971

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४६,२४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Food And Beverage Counter Worker | 1 | 0 | | 1200 | ३९,६३६ | | | | | | | |
| 3. | Kitchen Utensils Cleaning Worker | 1 | 0 | | 1200 | ३९,६३६ | | | | | | | |

५. कम्पनीः FOOD AND BEVERAGE COUNTER WORKER शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७९/०२/२२ चलानी नं.: ६०१८०४३८ L.T. No.: 264042

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३९,६३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

६. कम्पनीः MAJD AL SHUMOUKH GENERAL CONTRACTING EST शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७९/०२/२२ चलानी नं.: ६०१८०४३३ L.T. No.: 263970

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Builder | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

७. कम्पनीः NAYEF ABDULLAH AWAD AL SHEHRI CAR SERVICES शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७९/०२/२२ चलानी नं.: ६०१८०४३७ L.T. No.: 263974

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ ३० गते (13 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कम्पनी नं. १-५ रु. १०,०००/- कामदारले तिर्ने कम्पनी नं. ६ र ७ निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अल-हरमैन एच.आर. प्रा. लि.
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४

मध्यान्ह
www.madhyanhadaily.com
२३ जेठ २०७९, सोमबार
6 June 2022, Monday

# बक्स अफिस समाचार

## गीत संगीतका अब्बल सर्जक पाण्डे एउटै अवार्डमा ६ विधामा गीत नोमिनेशन

**प्रतिक्षा गौतम/मध्यान्ह**
काठमाडौं, २२ जेठ



'शंका नगर मेरो मायामा' बोलको पहिलो गीत रेकर्ड गराएर गीत संगीतको क्षेत्रमा होमिएका गीतकार बी पाण्डे यतिबेला नेपाली गीतकारहरूमा शीर्ष स्थानमा रहेको नाम हो। पहिलो गीतले नै राम्रो चर्चा पायो उनको। उनले चलचित्र 'भाग्य'का लागि पहिलो गीत लेखेका थिए। त्यसपछि चलचित्रमा उनका थुप्रै गीत आएका छन्। जुन गीतले राम्रै चर्चा पाउन सफल भए।

उनका अहिलेसम्म सयौं गीत स्रोता/दर्शकमाझ आएका छन्। गीतकार तथा संगीत प्रोड्युसर एसोसिएसनका अध्यक्ष रहेका उनी संगीत रोयल्टी संकलन समाज नेपालको महासचिव समेत हुन्। यस्तै गीतकार संघको आजिवन सदस्य, आफ्नै म्युजिक कम्पनी 'म्युजिक प्लस'का प्रमुख, संगीत विकास सहकारीको फाउण्डर सदस्य, रोयल्टी कलेक्टिभ सोसाइटिको फाउण्डर सदस्यलगायत विभिन्न संघ संस्थामा रहेर यस क्षेत्रको श्रीवृद्धिमा तल्लिन छन् पाण्डे।

आफ्नो पहिलो गीतले नै यस क्षेत्रमा सशक्त प्रवेश भएको थियो पाण्डेको। त्यसपछि थुप्रै गीत आए। सबै गीत नै राम्रा भए। चलचित्र क्षेत्रमा पनि उनका धेरै गीत रहेका छन्। पहिलो चलचित्र 'भाग्य'मा रहेको गीत 'छन छन बोली चुराको, भन्छन् जोडी जुराको' निक्कै रुचाइयो। यो गीत केटा र केटीको सवाल जवाफ प्रकारको थियो। यसपछि धेरै चलचित्रमा उनका गीत आए। पछिल्लो समय चलचित्र 'प्रसाद'को 'बनकी चरी के भन्छे', चलचित्र 'सेल्फी किङ'को 'दिन्छु एउटा जाली रुमाल'सम्म आउँदा धेरै गीतले उनलाई एक खालको फरक चिनारी दिन सफल भयो।

उनले आफ्नै संगीतमा पनि केही गीत ल्याएका छन्। उनको संगीतमा रहेको गीत 'खाएको कसम फिर्ता दिन मिल्छ र'ले राम्रै चर्चा पायो। मेलिना राईको स्वरमा रहेको यो गीत एकदमै मन पराइयो। यसको आरबीटी पनि अत्यधिक गयो। यस्तै 'सुनको पैचो सुनैले तिरौंला', 'चौका परेपछि', 'सँगै छदा के के हुन्थ्यो छुटिएर जाति भयो', प्रमोद खरेलको स्वरमा रहेको 'पहिलो दिल साट्ने कुरा भयो' जस्ता गीतले पनि निक्कै चर्चा पायो। एक सय पचास भन्दा बढी गीत स्रोता/दर्शकमाझ ल्याएका उनको 'पञ्चरत्न' एल्वम पनि बजारमा आएको छ। यसमा ३२ गीत संग्रहीत छन्। यो नेपालको पहिलो एल्वम यसरी सार्वजनिक भएको उनको दाबी छ। गीत संगीत सरल र सामान्य भाषामा हुनुपर्छ भन्ने मान्यता राख्ने पाण्डे 'सिम्पल तर सुन्दा गज्जबको लाग्ने गीत बनउनुपर्ने बताउँछन्।

'राम्रो शब्द, आहा कस्तो राम्रो लेखेको' भन्ने प्रकारका गीत हुनुपर्ने उनको धारणा छ। यो क्षेत्रमा रहेर थुप्रै मान सम्मान, पुरस्कार र अवार्ड उचाल्न सफल उनको 'बनकी चरी' गीतले त अवार्डमा हाट्रिक नै गरेको थियो। यस्तै जिनस अवार्ड, विन्दवासिनी म्युजिक अवार्ड, राप्ती म्युजिक अवार्डलगायतका अवार्ड प्राप्त गरेका उनले फेरि अर्को रेकर्ड राख्न सफल भएका छन्।

हालै नोमिनेशन सार्वजनिक गरिएको नेपाल म्युजिक एण्ड फेशन अवार्डमा उनका ६ वटा गीत विभिन्न नोमिनेशनमा परेका छन्। एउटा गीत मुस्किलले नोमिनेशमा पर्ने हुन्छ भने उनका ६-६ वटा गीत एउटै अवार्डमा नोमिनेशमा परेका छन्। यस सन्दर्भमा आफू भाग्यमानीका साथै आफ्नो मिहेनतको प्रतिफल रहेको उनी बताउँछन्।

उनको गीत 'धनवीर' चार विधामा र 'जाली रुमाल' र 'कहिले दील साट्ने कुरा' एक/एक विधामा पर्न सफल भएका हुन्। गीत लेखनमार्फत एक पछि अर्को सफलताको सगरमाथा चुम्दै गरेका पाण्डे आफूसँगै नेपाली गीत संगीतको उचाइलाई अझै अग्लायाउँदै लगेका सर्जक हुन्।

## सरोज खनालको डेब्यू निर्देशनमा 'बगान'




**काठमाडौं/मस-** अभिनेता सरोज खनालले फिल्म 'बगान'बाट निर्देशनमा पाइला चालेका छन्। आइतबार काठमाडौंको चाबहिलस्थित चलचित्र विकास बोर्डको हलमा फिल्मबारेमा जानकारी दिँदै 'इन्ट्रो टिजर' र पहिलो गीत 'तिम्रो सुन्दर आँखा' सार्वजनिक गरियो।

फिल्ममा सरोज खनालसँगै नीर शाह, बसुन्धरा भुसाल, मिथिला शर्मा, करिश्मा मानन्धर, आकाश श्रेष्ठ, नवअभिनेत्री प्रमिला कार्कीलगायतको अभिनय छ। सार्वजनिक गीतमा सुरेश वाग्लेको शब्द सृजनन, सुभाष भुसालको संगीत तथा सुगम पोखरेल र अस्मिता अधिकारीको स्वर छ। भिडियोमा आकाश र प्रमिला फिचर्ड छन्। गीतमा कविराज गहतराजको कोरियोग्राफी छ।

अभिनेता तथा निर्देशक खनालले आफ्नो फिल्ममा अभिनय गरेर सिकेको ज्ञान र अनुभवलाई निर्देशनमा प्रयोग गर्ने प्रयास गरेको बताए। 'मेरो फिल्मले व्यापारमा रेकर्ड नराख्ला, तर नेपालमा यति राम्रो पनि फिल्म बन्छ भनेर गर्व गर्न लायक फिल्म चाहिँ बनाएको छु। फिल्म मनोरञ्जनको माध्यम हो। तर, हामीहरू जस्तो मान्छेले समाजलाई केही सन्देश पनि दिनुपर्छ जस्तो लाग्छ', उनले भने।

अभिनेता आकाशले सरोज खनालजस्तो कलाकारको निर्देशनमा काम गर्न पाउनु आफ्नो सौभाग्य रहेको बताए। फिल्ममा भूमिका सानो भएपनि प्रभावकारी रहेको उनको भनाइ छ। नवअभिनेत्री कार्कीले मुर्धन्य कलाकारहरुसँग काम गर्न पाएकोमा खुसी व्यक्त गरिन्। फिल्मका निर्माता सुरेश वाग्लेले कथावस्तुले मन छोएपछि लगानी गर्न तयार भएको बताए।

फिल्ममा गौरीशंकर धुजुको डिओपी, उत्सव दाहालको छायांकन, अर्जुन जिसी, राजेश शाह र सन्देश शाहको सम्पादन, समीर मियाँको भीएफएक्स तथा रेनिश फागोको कलर करेक्शन रहेको छ। साउन्ड मिक्सिंग मुकेश शाह र ब्याकग्राउण्ड स्कोर द एक्स ब्याण्डका शिव मुखियाको रहेको छ। फिल्मका निर्माता सुरेश वाग्ले हुन् भने कार्यकारी निर्माता अभिनेत्री करिश्मा मानन्धर हुन्।

## 'दोख'को टिजर सार्वजनिक



**काठमाडौं/मस-** अनुप बराल निर्देशित फिल्म 'दोख'को टिजर सार्वजनिक भएको छ। १ मिनेट ४८ सेकेन्डको टिजरमा माओवादी जनयुद्ध बेलाको घटनाक्रम र परिदृश्यलाई प्रस्तुत गरिएको छ। द्वन्द्वकालमा सामुदायिक बनको मुद्दालाई लिएर दुईवटा गाउँबीचको किचलोको कथालाई फिल्ममा देखाइएको निर्देशक बरालले बताएका छन्। यो फिल्म निर्माणको ७ वर्षपछि प्रदर्शनमा आउन लागेको हो।

राजन कठेत लिखित फिल्ममा दीया मास्के, मनिष निरौला, लोकमणि सापकोटा, माओत्से गुरुङ, रोय दिभ, कमल देवकोटा, सुरज मल्ल, साजन थापा मगरलगायतको अभिनय छ। फिल्ममा शैलेन्द्र डी. कार्कीको छायांकन र निमेष श्रेष्ठको सम्पादन छ। सविन ज्ञवाली र मनोज अधिकारी निर्माता रहेको यस फिल्मको कार्यकारी निर्मातामा भीम न्यौपाने, ओम गुरुङ र रञ्जु वाग्ले थापा छन्।

असोर २४ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्मको एसोसियट निर्मातामा सन्तोष पाठक, धर्म अधिकारी, प्रविन पाठक, सुमिता आचार्य, दिपक खनाल, युबराज भट्टराई छन्। गत वर्षको बैशाखमा सार्वजनिक गरिएको फिल्मको 'रातैले बुन्छ' गीतले ठूलो प्रशंसा बटुलेको थियो। फिल्मलाई जिजिए ग्रुप र डिसीएनले काठमाडौंभित्र र मोफसलमा एफडी कम्पनीले वितरण गर्दैछ।

## चलचित्र संघको अध्यक्षमा श्रेष्ठ

**काठमाडौं/मस-** नेपाल चलचित्र संघले नयाँ नेतृत्व पाएको छ। शनिबार राजधानीमा सम्पन्न संघको ४७ औं वार्षिक साधारणसभाले अध्यक्षमा वीरेन्द्रनारायण श्रेष्ठसहित नयाँ कार्यसमिति चयन गरेको हो।

त्यस्तै, सदस्यहरुमा गोपालकाजी कायस्थ, गोविन्द शाही, कपिल प्रसाद द्वा, राजकुमार श्रेष्ठ, ओम जैसी, नरेन्द्र महर्जन, कुवेर शर्मा, भास्कर ढुंगाना, प्रज्वल शमशेर जवरा, नीरज कार्की, सुरेन्द्र कुमार थापा, चैतन्य बराल र युवराज प्रसाईं चयन भएका छन्।

निर्वाचित सदस्यहरुबाट नै कार्यसमिति पधाधिकारी चयन गर्ने संस्थाको विधान रहेको छ। श्रेष्ठ नेतृत्वको पहिलो बैठकले निर्विरोध चयन भएका सदस्यहरुलाई कार्य विभाजन गर्नेछ। संघको साधारण सभामा प्रमुख अतिथीको रुपमा उपस्थित भएका पर्यटनमन्त्री प्रेम बहादुर आलेले फिल्मले पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग गर्ने भएकाले फिल्मकर्मीसँग सहकार्य गर्न आफू तत्पर रहेको बताए।

उनले भने- 'फिल्म क्षेत्रको विकास र विस्तारका लागि हुने काममा पर्यटन मन्त्रालयले सधैं हातेमालो गर्नेछ। फिल्मकै माध्यमबाट मानिसहरुले विदेशका विभिन्न ठाउँ घुम्ने योजना बनाउँछन्। नेपालको पर्यटन प्रवर्द्धनमा पनि फिल्मले सघाउ पुऱ्याएको छ। छायांकन गर्ने क्रममा कुनै समस्या आयो भने भन्नु होला म तुरुन्तै समाधान गर्नेछु र मैले सहकार्य गर्ने ठाउँमा सहकार्य पनि गर्नेछु।'


कतारमा रोजगार | कम्पनी: DALEX TRADING ELECTRICAL MATERIALS & LIGHTING
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१८८५ LT. No.: 244207 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३७,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 1 | 0 | | 1900 | ६४,४४८ | | | | | | | |
| 3. | Driver | 2 | 0 | | 1500 | ५०,८८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ ३० गते (13 June 2022) मा हुनेछ।

